


PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ कात्तिक ०८ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 October 25 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६३

## जिल्ला प्रहरी कार्यालयमा बिचौलियाहरूको हालीमुहाली

प्रस, वीरगंज, ७ कात्तिक/

पर्सामा अहिले अपराधका घटना बढेसँगै जिल्ला प्रहरी कार्यालय पर्सामा दैनिक भीड पनि बढेको छ।


जिप्रका पर्साको मुद्दा शाखा, उजूरी तथा महिला शाखामा दैनिक पीडितहरूको भीड बढ्ने गरेको छ। अपराधका घटनामा वृद्धि भएको र मानिसहरू आआफ्नो काम गराउन आउने क्रम बढेसँगै आवश्यक कर्मचारीको अभावमा कार्यरत कर्मचारीहरूलाई काम गर्न समस्या भएको छ।

पर्सामा अहिले महिला हिंसा, लेनदेन, झैंझगडा, चोरीलगायतका घटनामा वृद्धि भएको पाइएको छ। यस अतिरिक्त आपसी इबीका कारण ठाडो उजूरी दिने कार्य पनि बढेको छ। यस प्रकारको ठाडो उजूरी दिने काम जिल्ला प्रहरीका साथै मातहतका प्रहरी कार्यालयहरूमा पनि बढ्दो छ। जसले गर्दा दैनिक कार्य प्रभावित बन्दै गएको छ। सामान्य विवादमा गाउँघर, टोलमा नै मिलाउनुको साटो प्रहरीमा उजूरी दिने कार्य बढेकाले प्रहरीलाई जघन्य अपराधका घटना अनुसन्धानमा समस्या हुने गरेको छ।

गाउँघरमा हुने सामान्य विवादका घटनालाई मिलाउनेतर्फ स्थानीय निकायमा न्यायिक समितिको व्यवस्था भएपनि त्यहाँ जानुको साटो अधिकांश मानिस प्रहरीमा उजूरी गर्ने, मिलापत्र गर्ने गरेका छन्। प्रहरीमा उजूरी गर्दा धरपकड हुन सक्ने, चाँडो न्याय पाउने आशाका साथै कमाइ पनि हुने अवसर रहेकोले घटनाका दुवै पक्षलाई प्रहरीमा उजूरी गर्न लगाउने र उनीहरूबाट रकम असुल्ने काम थुप्रै बिचौलियाबाट हुँदै आएको छ।

आफ्नो पालिकाबाट हुने कार्य पनि स्थानीय तहका जनप्रतिनिधि






तस्वीरः प्रतीक

भनाउँदाहरूले प्रहरीबाट गराएर आफू तनावमुक्त हुने गरेको पाइएको छ। अहिले जिल्ला प्रहरी कार्यालय पर्सामा दैनिक बिचौलियाहरूको भीड देख्न पाइन्छ। प्रहरीमा उजूरी दिन लगाउने, उनीहरूलाई मिलापत्रका लागि बाध्य पार्ने र सो गरेबापत दुवै पक्षबाट अनधिकृत रकमको आशा राख्ने बिचौलियाहरू एकाबिहानैदेखि प्रहरी कार्यालयमा धर्ना दिएर बसेका पाइन्छन्। राजनीतिक दलका नेता, कार्यकर्ताहरूको पनि अहिले प्रहरी कार्यालयमा दैनिक भीड यही कारणले बढेको एकजना प्रहरीले बताए।

गाउँघरको विवाद प्रहरी कार्यालयमा बसेर मिलापत्र गराउने र सो गराएबापत आफ्नो पक्षबाट रकम असुल्ने, भोजभतेर गर्न लगाउनेहरूका कारण प्रहरी कार्यालयमा सरोकारविना पनि मानिसहरूको भीड बढेको हो। प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक र सरोकारवाला शाखामा बिचौलियाहरू, नेता कार्यकर्ताहरूको विनाकारण दैनिक बसाइ बढ्दै गएको र उनीहरूले आफ्नो पहिचान उनीहरूसँग रहेको प्रमाणित गर्दै विवादित पक्षधरहरूलाई आफ्नो जालमा फसाउने जस्ता कार्य गर्दै आएका छन्।

यस्ता गतिविधिहरूमाथि प्रहरी प्रमुख र शाखा प्रमुखहरूले नियन्त्रण गर्न नसकेकाले सोको फाइदा बिचौलियाहरूले लिने अनि अनाहकमा प्रहरी बदनाम हुने गरेको अर्का एक प्रहरीले गुनासो पोखे।

बिचौलियाहरूमार्फत सेवाग्राहीको काम चाँडो हुने प्रवृत्ति प्रहरी कार्यालयमा फस्टाएकाले पनि मानिसहरू बिचौलियातर्फ आकर्षित भएका र आफ्नो काम सीधा गराउनुको साटो बिचौलियाको सहारा लिने गरेको पाइएको छ। यस प्रकारका गतिविधि बढेसँगै बिचौलियाहरूसँग प्रहरी संलग्नताको आरोप लाग्न शुरू भएको छ।

जिप्रका पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले कार्यालयमा मुद्दाको चाप बढेको र मानिसहरूको भीड बढिरहेको स्वीकारे। उनले आइतवार कार्यालयमा देखिएको भीडबाट आफू पनि चकित परेको प्रतिक्रिया दिए। प्रउ पाण्डेले मुद्दाको चाप बढेसँगै वप्रका बिर्ता र श्रीपुरलाई सार्वजनिक अपराधका मुद्दा दर्ता गर्ने अधिकार दिएको बताए। मातहतका अन्य कार्यालयहरूमा मानिसहरू जम्मा भएर छलफल गर्न सक्ने वातावरण नभएकोले पनि जिल्ला प्रहरीमा मानिसहरूको भीड बढेको हुन सक्ने उनले बताए।

## बाल अधिकारको सवालमा सङ्घ र स्थानीय तह गैरजिम्मेवार -मन्त्री सिंह

प्रस, वीरगंज, ७ कात्तिक/

प्रदेश २ का महिला, बालबालिका तथा खेलकूद विकास मन्त्री विनोद सिंहले बाल अधिकारको विषयमा प्रदेश सरकार गम्भीर रहेको दाबी गरे।




कार्यक्रममा सहभागी मन्त्री सिंह (बायाँबाट तेस्रो) र उपप्रमुख शान्ति कार्कीलगायत। तस्वीरः प्रतीक

जिल्ला समन्वय समिति पर्सामा आइतवार जिल्ला बाल क्लब समन्वय सञ्जालको प्रथम भेलाको उद्घाटन गर्दै मन्त्री सिंहले बाल अधिकार रक्षाको लागि प्रदेश सरकारले हरसम्भव प्रयत्न गर्ने बताए।

उनले केन्द्रीय सरकारसँग सहकार्य गरेर बाल अधिकार सुरक्षाको लागि प्रदेश सरकारले नयाँ नीति ल्याउन थालेको जानकारी पनि गराए। उनले बाल अधिकारको सुरक्षा गर्न स्थानीय तहले चासो नदेखाएको आरोप लगाए। उनले परिवार, छिमेकीलगायतबाट हिंसामा परेका बालबालिकाहरूलाई न्याय दिने

(बाँकी अन्तिम पातामा)

## सर्लाहीको बलरामा काका पुस्तकालय सञ्चालन

प्रस, गरुडा, ७ कात्तिक/

सर्लाहीको बलरा बजारमा सामुदायिक पुस्तकालय सञ्चालनमा आएको छ। विश्व विकास सूचना दिवसको अवसर पारेर युनेस्को र समुन्नत



नेपालको सहकार्यमा काका सामुदायिक सिकाइ केन्द्र बलराले आइतवारदेखि काका पुस्तकालय तथा वाचनालयलाई सञ्चालनमा ल्याएको हो।

एक समारोहबीच बलरा-४ स्थित काका सामुदायिक सिकाइ केन्द्रको कार्यालय परिसरमा केन्द्रका संस्थापक अध्यक्ष कामेश्वरप्रसाद सिंह र बलरा नगरपालिका-४ का अध्यक्ष केशव झाले संयुक्तरूपमा पुस्तकालय सर्वसाधारणको लागि खुला भएको घोषणा गरे। केन्द्रका अध्यक्ष डा कमलेश्वरकुमार सिन्हाको अध्यक्षतामा भएको कार्यक्रममा युनेस्कोका कविता चौधरी, दीपेन्द्र ठाकुरसहितले मन्तव्य व्यक्त गर्दै पुस्तकालयले सर्वसाधारणको पहुँचमा ज्ञानविज्ञानको पुस्तक र पत्रपत्रिका उपलब्ध गराएकामा प्रशंसा गरेका थिए।

पुस्तकालयमा दैनिक, साप्ताहिक, मासिक पत्रिकाहरू उपलब्ध हुनुका साथै भाषा, साहित्य र जीवनका विभिन्न क्षेत्रका उपयोगी पुस्तकहरू उपलब्ध रहेको डा सिन्हाले जानकारी गराए। पुस्तकालयमा नेपाल र भारतबाट प्रकाशित बज्जिका भाषाका पुस्तकहरूको पनि पर्याप्त उपलब्धता रहेको छ। नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाका अनेक क्षेत्रका हजारौं पुस्तक रहेको र आवश्यकता अनुसार अन्य पुस्तक तथा पत्रिकाको व्यवस्थापन गरिने डा सिन्हाले जानकारी गराए।

विद्यार्थी र लोकसेवा आयोगलगायत विभिन्न सेवा प्रवेशका लागि तयारी गर्ने नवयुवाका लागि पनि पुस्तकालयमा पुस्तक उपलब्ध रहेका छन्। धार्मिक क्षेत्र तथा सांस्कृतिक क्षेत्रका पुस्तक पनि पुस्तकालयमा उपलब्ध रहेकाले सबै वर्ग र समुदायको लागि आकर्षणको केन्द्र

(बाँकी अन्तिम पातामा)

## किसानलाई सङ्घ सरकारले तत्काल राहत उपलब्ध गराउनुपर्छ- अध्यक्ष यादव

प्रस, रौतहट, ७ कात्तिक/

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले हालैको अविरल वर्षाले देशभरका किसानलाई मर्का पुगेको भन्दै केन्द्र सरकारलाई तत्काल किसानलाई राहत दिन माग गरेका छन्।

प्रेस मञ्च रौतहटद्वारा आइतवार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले कृषि बीमाको व्यवस्थाका साथै तत्काल क्षतिग्रस्त क्षेत्रका किसानहरूलाई सहुलियत ऋण र राहतको प्याकेज उपलब्ध गराउन सरकारसँग माग गरे। उनले प्रदेश २ सरकार आर्थिकरूपले समस्याग्रस्त भएकोले किसानलाई राहतको व्यवस्था सङ्घ सरकारले गर्नुपर्ने तर्क गरे।

अध्यक्ष यादवले पत्रकार सम्मेलनमा सङ्घीयतालाई कार्यान्वयन गराउन ठूलो चुनौती रहेको बताए। उनले प्रदेश सरकार छ तर आफ्नो कर्मचारी छैन, प्रदेश सरकार नाम मात्रको रहेको बताए। उनले प्रदेशलाई अधिकारसम्पन्न बनाउन जोड दिंदै कर्मचारीतन्त्र र प्रहरी निकाय महत्त्वपूर्ण भएकाले तुरुन्त हस्तान्तरण गर्नेगरी सङ्घीय निजामती ऐन पारित गर्नुपर्ने बताए। न्यून कर्मचारीले कुनै पनि प्रदेश सरकार सफल हुन नसक्ने उनको कथन थियो।

ओली सरकारले एउटै संसद्लाई दुईपटक असंवैधानिक तरीकाले भङ्ग गरी सत्ता कब्जामा लिएर स्वेच्छाचारी शासन कार्य गर्ने जस्ता कार्यलाई रोक्न राजनीतिक र कानूनी लडाइँको प्रतिफल प्रतिगमन परास्त भएको उनले दाबी गरे।

उनले आफ्नो पार्टीको पनि ओली




पत्रकार सम्मेलनमा बोल्दै जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव (बायाँबाट दोस्रो)। तस्वीरः शैलेन्द्र झा

सरकारमा भागीदारी रहेको र त्यो भागीदारी सङ्घीयता कार्यान्वयन गर्न र संविधान संशोधन गर्नका लागि गरिएको प्रस्ट पारे। संविधान संशोधन तथा सङ्घीयता कार्यान्वयनमा आनाकानी, ढिलासुस्ती र छलकपट गरिएका कारण आफ्नो पार्टी ओली सरकारबाट पछाडि हटेको उनले जिकिर गरे। उनले देश जोगाउनका लागि नेपाली काङ्ग्रेस, नेकपा एकीकृत समाजवादी पार्टी, जनमोर्चा र माओवादीले लडाइँ लड्दै सङ्घर्ष गरेको कारण आज सङ्घीय लोकतान्त्रिक गणतन्त्र जोगाउन सफल भएको दाबी गरे। उनले नेपाली काङ्ग्रेसको अगुवाईमा साझा नीतिगत कार्यलाई अगाडि बढाउन अपील पनि गरे।

अध्यक्ष यादवले विगतका सरकारले गरेको जस्तो कार्य नगरी सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रण गर्ने कार्य सरकारलाई गर्न सुझाव दिए। उनले राष्ट्रिय गौरवका योजना, हुलाकी सडक तथा रेलवेलगायतका कामलाई अगाडि बढाउन सरकारलाई सुझाव दिए। उनले संसारसँगै नेपाल पनि कोरोनाको कारण प्रभावित रहेकोले सोविरुद्धको खोप लगाउन सबैसँग आग्रह गरे।

सञ्चारकर्मीहरूको प्रश्नको जवाफ दिने क्रममा उनले सरकारले भर्खरै पूर्णता पाएकोले अहिले नै संविधान संशोधन र सरकारको मूल्याङ्कन गर्न नहुने बताए। उनले संविधान संशोधनका लागि दुई तिहाइ आवश्यक हुने र त्यसका लागि विपक्षी एमालेसँग समझदारी आवश्यक हुने बताए।

चाडपर्वको नाममा फजुल खर्च नगरौं।
संस्कृतिको संरक्षण र सम्वर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### विचारसार र सूक्तिहरू

**आशाले कहिले पनि हामीलाई छाड्दैन, बरु हामी नै हतारोमा उसलाई छाडिदिन्छौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## एकपछि अर्को विपत्

**अहिलेको अत्याधुनिक युगमा, जब मानिसले मानिसका लागि सुविधाको अजस्र स्रोतहरू पत्ता लगाएको छ, व्यवहारमा ल्याइसकेको छ, विपत्हरू पनि त्यही रूपमा ओइरिन थालेका छन् । हिजो मानिस साधनविहीन थियो, उसमा श्रम गर्ने शक्ति थियो, उसलाई प्राकृतिकबाहेक कोप थिएन । आज मानिस आफ्नै कारणले विभिन्न कोपको शिकार बनिरहेको छ। साधन र स्रोतको फालाफालले मानिसलाई भौतिकरूपमा क्रियाशून्य बनाउँदै लग्यो, हो यस क्रममा मानिसको मानसिक क्रियाशीलता भने शीर्षमा पुग्न थाल्यो। यी दुईबीच समन्वय नहुँदा शारीरिक शिथिलताले विभिन्न रोगहरूको उत्पत्ति हुँदै गयो । जसलाई हामी मानवजन्य नै भन्न सक्दछौं । उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला, हृदयघातबारे सूक्ष्म–गहन अध्ययन गर्ने हो भने यी रोगको उत्पत्ति र प्रसारमा मानिस नै केन्द्रमा फेला पर्छ । आजको सुविधासम्पन्न जीवनशैली, खानपान, खाद्यपदार्थमा भइरहेको अस्वस्थकर अराजकता आदि प्रकृतिले ल्याएको विपत् होइन । यसमा मानिसको प्रत्यक्ष र प्रभावकारी भूमिका निहित छ ।**

**हामीले केलाई मानवजन्य र केलाई प्रकृतिजन्य विपत् भन्ने ? सरसर्ती हेर्दा सबै विपत्ति प्रकृतिजन्य लाग्दछ । प्रकृतिले दिने विपत् आगजनी, भूकम्प, ज्वालामुखी विस्फोट, बाढी–पहिरो लाग्दछ। साथै एकपछि अर्को नयाँ रोगहरू पनि प्रकृतिप्रदत्त नै लाग्दछ। तर समयक्रममा औषधि विज्ञानको प्रगतिसँगै दीर्घरोगहरूको उत्पत्तिमा कहीं न कहीं मानवीय लापरवाही देखिन थालेको छ। प्रकृतिप्रदत्त विपत् भनिएका आगलागी, बाढी–पहिरो, भूकम्पजस्ता विपत्को लागि पनि मानवीय व्यवहार कारण बनेको धेरै उदाहरण हामीले पाइसकेका छौं। पृथ्वीको अतिशय दोहन (पेट्रोलियम पदार्थ, ग्याँस, भूमिगत जल, खानी)ले पृथ्वीको गर्भ रित्तिन थालेपछि रिक्त स्थान भर्न पृथ्वी चलमलाउँदा भूकम्प गएको किन भन्न सकिंदैन ? तर प्रत्येक प्राकृतिक विपत्तिले मानिसलाई कालान्तरमा केही दिएर जान्छ, मानवकृत विपत्ले भने मानिसको ज्यान मात्र लिन्छ, यसमा विमति प्रकट गर्ने कुनै कारण छैन। स्वाभाविक भूकम्पले मानिसलाई हिमालयजस्तो प्राकृतिक विशाल पर्खाल दियो जसले उत्तरको विषम मौसमको प्रवेश रोक्ने काम गऱ्यो भने बाह्यजलको विशाल भण्डार नै साबित भयो। ज्वालामुखी त पृथ्वीमा प्राणीमात्रको उत्पत्तिको कारण बनेको सिद्ध भइ नै सकेको छ ।**

**प्रश्न उठ्न सक्छ बाढी–पहिरो पनि त प्रकृतिपदत्त विपत्ति हो, यसले किन नोक्सानमाथि नोक्सान गरिरहन्छ ? तर सूक्ष्म अध्ययन गर्दा हामी पाउँछौं हिजोसम्म त बाढी वरदान नै थियो । आज मानिसले अति विकासको नाममा नदी साँघुरो पाऱ्यो, वन–जङ्गल नाश गऱ्यो, प्रगतिको नाममा कृत्रिम वस्तुहरूको निर्माण गऱ्यो । हिजो बाढी आउँदा किसान खुशी हुन्थ्यो, उसका खेतमा जङ्गलको उर्वर माटो भरिन्थ्यो। बालीनाली सप्रन्थ्यो। आज जङ्गल छैन, मानिसले मूर्खतापूर्णरूपले नदीको दोहन गऱ्यो, हिजो जङ्गल भएर आउने बाढीले मलिलो खाद बोकेर ल्याउँथ्यो, अब नदी भएर आउन थाल्यो, अनि उर्वर माटोको साटो खेतमा गेग्रान थुपार्न थाल्यो । पहिरो हिजो स्वाभाविक प्राकृतिक प्रक्रिया थियो, क्षति गर्थ्यो तर थोरै, पछि मेशीन कुदाएर पहाड फोड्ने काम भयो पहाड थिलथिलियो। सानो झरीले पनि पहिरो ल्याउन थाल्यो। कहिले बुझ्ने मानिसले ? अधिकांश विपत्ति उसले नै जन्माइरहेको छ, विपत्ति न्यूनीकृत गर्ने साधन र स्रोत भएर पनि क्रियाहीनताले रोक लगाएको छ।**

# कोभिड–१९ को अन्त कसरी हुन्छ ?

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विशेषज्ञहरूका अनुसार सधैंका लागि नभई, केही वर्षका लागि, कोरोना भाइरसको परिवर्तित संस्करण देखापर्ने सम्भावना छ । यसर्थ यसप्रति सचेत, जागरुक रहेर विश्व स्वास्थ्य सङ्गठनले अघि सारेका सुझावहरूको अक्षरशः पालन गर्नु नै बुद्धिमानी हुनेछ ।**

कुनै पनि घातक महामारी सधैंको लागि रहँदैन । उदाहरणका लागि सन् १९१८ मा फैलिएको इन्फ्लुएन्जाले त्यस बेला विश्वका लाखौं मानिसको ज्यान लिएको थियो तर आज यस भाइरसको प्रभाव धेरै कम घातक छ । हिजोआज यसको प्रभाव साधारण मौसमी फ्लु निम्त्याउने मात्र बनेको छ । अतीतका केही महामारीहरूको प्रभाव लामो समयसम्म नरहेको भने होइन । जस्तै सन् १३४६ मा फैलिएको ब्युबोनिक प्लेग (ब्लैक डेथ)। यसले युरोप र एशियाका केही भूभागका लगभग एकतिहाई मानिसको ज्यान लिएको थियो । प्लेगको बैक्टेरियाको घातमा कमी देखा परेको थिएन तर सात वर्षपछि यस महामारीको अन्त्य यस कारणले भयो कि धेरैजसो मानिस मरिसकेका थिए वा जो बाँचेका थिए उनीहरूमा यसविरुद्ध प्रतिरक्षा प्रणाली विकसित भइसकेको थियो । इन्फ्लुएन्जाजस्तै सन् २००९ मा फैलिएको H1N1 रोगको जनक सूक्ष्म जीव पनि कम घातक देखिएको थियो । यहाँ के प्रश्न खडा हुन्छ भने सार्स कोभ–२ को भाइरस पनि यसै बाटोमा लम्किने हो ? केही वैज्ञानिकहरूको भनाइ छ यो भाइरस मानिसमा सजिलै फैलिन सक्ने प्रकारले विकसित भइसकेको छ। हाल यसो भन्नु हतार हुनेछ, तर अनुमान के गर्न सकिन्छ भने यो कम घातक हुँदै जान्छ। शायद अतीतको आँखीझ्यालबाट नियाल्दा यस बारे केही भन्न सकिन्छ । समयसँगै बिस्तारै सङ्क्रमण फैलाउने भाइरस कम घातक हुँदै जान्छ भन्ने विचार धेरै पुरानो हो । १९ औं शताब्दीका एकजना चिकित्सक थियोबाल्ड स्मिथले धेरै पहिले भनेका थिए कि प्यारासाइट (परजीवी) र निर्भर रहेको जीवबीच 'मसिनो सन्तुलन' हुन्छ । समयसँगै रोगाणुको घातकता कम हुँदै जान्छ, किनभने आफू जसमाथि निर्भर छ त्यसको ज्यान लिनु भाइरसको लागि पनि हितकर हुँदैन। सन् १९८० को दशकमा शोधकर्ताहरूले यस विचारलाई चुनौती दिएका थिए। गणितीय जीवविज्ञानी राय एन्डरसन र राबर्ट मेले भनेका थिए–भाइरस अन्य मानिसमा त्यस बेला सबैभन्दा बढी फैलिन्छ, जुन बेला ऊ जसमाथि निर्भर छ उसले धेरै भाइरसलाई फैलाउँछ। यो स्थिति त्यस बेला तयार हुन्छ जब उसको 'मेजबान' राम्ररी बीमार पर्छ। यस कारण भाइरसको घातकता र फैलिने क्षमता एउटा सन्तुलनमा रहन्छ। यदि भाइरस बढी घातक भएर आफ्नो मेजबानको ज्यान लिन्छ भने बढी फैलन सक्दैन भन्ने कुरालाई 'प्रसार घातकता सन्तुलन' भनिन्छ।

अर्को सिद्धान्त विकासवादी महामारी विशेषज्ञ पाल इवाल्डले प्रस्तुत गरेका थिए जसलाई 'घातकताको सिद्धान्त' भनिन्छ। यस सिद्धान्त अनुसार कुनै भाइरस जति बढी घातक हुन्छ, त्यो फैलिने सम्भावना त्यतिकै कम हुन्छ, किनभने यदि कुनै मानिस सङ्क्रमित भएर जति छिटो बेड समात्छ, जस्तो इबोला भाइरसमा भएको थियो, त्यतिकै अन्य मानिसलाई सजिलै सङ्क्रमित गर्न सक्दैन। यस कारण के भन्न सकिन्छ भने कुनै पनि भाइरसलाई फैलनको लागि हिंडडुल गर्ने मेजबान चाहिन्छ। अर्थात् भाइरस बिस्तारै कम घातक हुँदै जानुपर्ने हो। तर यस सिद्धान्तले के पनि भन्छ भने प्रत्येक भाइरसमा फैलिनको लागि आआफ्नै रणनीति हुन्छ। केही भाइरसमा उच्च घातकता र उच्च प्रसार क्षमता दुवै हुन सक्छ।

यी भाइरसहरूको एउटा रणनीति हो टिकाउपना। जस्तै दादुराको भाइरस शरीर बाहिर रहेर पनि लामो समयसम्म बाँच्न सक्छ। यस्ता टिकाउ भाइरसलाई इवाल्डले 'बसेर प्रतीक्षा गर्ने' भनेका छन्। केही घातक भाइरस अत्यन्त गम्भीर बिरामीहरूमा लामखुट्टे, जुम्रा, साङ्लो जस्ता वाहक जन्तुहरूको माध्यमले फैलिन्छ। हैजाजस्ता केही सङ्क्रमण पानीबाट फैलिन्छ र केही सङ्क्रमण बीरामी वा मरणासन्न मानिसको स्याहारसुसार गर्दा फैलिन्छ–जस्तै स्टेफिलोकोकस बैक्टेरियाको सङ्क्रमण। इवाल्डका अनुसार यी सबै रणनीतिले भाइरसलाई कम घातक हुनबाट जोगाउँछ।

तर प्रश्न के छ भने के कोरोना भाइरस कहिल्यै कम घातक हुन्छ ? सन् २००२–०३ मा फैलिएको सार्सको अवलोकन गरौं । यो सङ्क्रमण एक मानिसबाट अर्को मानिसमा त्यस बेला मात्र सर्छ, जब रोगी गम्भीररूपले सङ्क्रमित हुन्छ । यसबाट के फाइदा हुन्छ भने सङ्क्रमित रोगीको पहिचान गरी उसलाई बेग्लै ठाउँमा राख्दा यस भाइरसको प्रसारलाई रोक्न सकिन्छ तर सार्स कोभ–२ सङ्क्रमणको प्रारम्भिक अवस्थादेखि नै अन्य मानिसमा सर्न थाल्छ। यस कारण यहाँ भाइरस फैलिने क्षमता र उसको घातकताबीच सम्बन्ध आवश्यक हुँदैन। लक्षणविहीन सङ्क्रमित मानिसले पनि भाइरस फैलाइरहन्छ । यस कारण मात्र गम्भीररूपले सङ्क्रमित मानिसको सम्पर्कमा आए मात्र यो फैलिन्छ भन्ने जरूरी छैन। यो जुनसुकै अवस्थामा जोखिमपूर्ण नै हुन्छ।

यस कारण कोभिड–१९ को भाइरसमा प्रसार घातकताबीच सन्तुलन नदेखिए पनि यो टिकाउ हुन्छ भन्ने कुरा विशेषज्ञ इवाल्डले देखेका छन् । उनले यो भाइरस बेग्लाबेग्लै सतहमा केही घण्टा र केही दिनसम्म टिक्न सक्छ भनेका छन् । अर्थात् इन्फ्लुएन्जाको भाइरस जस्तै यो पनि टिकाउ र एकबाट अर्कोमा फैलिन सक्छ। यस कारण कोभिड–१९ मौसमी इन्फ्लुएन्जाजस्तै घातक हुन्छ र जसमा मृत्यु दर ०.१ प्रतिशत रहेको छ। तर हालसम्म पनि कोभिड–१९ कता जान्छ भन्नेबारे ठोकुवा भन्न सकिंदैन। वैज्ञानिकहरूले यस भाइरसको विकासमाथि हालसम्म गरेको अनुमानको आधारमा यो अझ फैलिन सक्छ, तर त्यो कति घातक हुन्छ, निश्चितरूपले केही भनेका छैनन्।

लास एलमोसको राष्ट्रिय प्रयोगशालाको कम्प्युटेशनल जीवशास्त्री बेट्टै कोरबरद्वारा जुलाई महीनाको सेल पत्रिकामा प्रकाशित पेपरले के भनेको छ भने बुहानमा प्राप्त मूल भाइरसको ठाउँमा त्यसको D614G परिवर्तित रूप अहिले देखा परेको हो । यस परिवर्तित रूपको कोशिकामाथि गरिएको अध्ययनको आधारमा कोरबरले मूल भाइरसको अपेक्षा यस परिवर्तित भाइरसमा फैलिने क्षमता बढी रहेको भनेका छन्। तर धेरै शोधकर्ताहरूको भनाइ अनुसार परिवर्तित कोशिकामाथि गरिएको प्रयोगको परिणाम वास्तविक परिस्थितिमा लागू हुन्छ भन्ने जरूरी छैन।

हिजोआज कोभिड–१९ को भाइरस कम घातक भइरहेको भनिंदै छ तर हालसम्म यसबारे कुनै प्रमाण वा तथ्य फेला परेको छैन । सामाजिक दूरी, परीक्षण, खोप र उपचारमा तीव्रता र यसप्रति आम मानिस सचेत हुँदै गएको कारण प्रमाण भेटिन गाऱ्हो भएको हो । आज कोभिड–१९ को परीक्षण र खोप सुविधा सुलभ भएको कारण बिरामी छिट्टै निको पनि भइरहेका छन्। यसबाहेक भाइरस परीक्षण (RT-PCR TEST) पनि सङ्क्रमितहरूको उपचारमा सहयोगी साबित भएको छ र जोखिमयुक्त वा कमजोर मानिसलाई बेग्लै राखेर सङ्क्रमिता हुनबाट जोगाउन सकिन्छ। कोभिड–१९ को भाइरसले शुरूमा मानिसलाई सिकिस्त बनाउँदैन, जसले गर्दा सङ्क्रमित मानिस आम मानिसजस्तै घुमफिर गरिरहन्छ र लक्षण देखापर्नु पूर्व पनि अरूमा सङ्क्रमण सारिरहन्छ।

कोलम्बिया विश्वविद्यालयको विंसेट रेकेनिएलोले भन्छन्, भाइरसमा हुने परिवर्तनको कारण होइन, तर कोभिड–१९ कम घातक हुँदै जान्छ किनभने एउटा यस्तो समय आउँछ जुब धेरैथोरै मानिस यस्ता हुन्छन् जसमा यसविरुद्ध प्रतिरक्षा शक्ति हुँदैन । रेकेनिएलोका अनुसार चारवटा यस्ता कोरोना भाइरस अहिले पनि विद्यमान छ, जुन प्रारम्भमा धेरै घातक भए पनि हाल सामान्य रूघाखोकीको लागि मात्र कारण बनेको छ । इन्फ्लुएन्जा भाइरससँग यसको तुलना गर्दा कोरोना भाइरस अलि बढी टिकाउ छ र मानिसमा पहिलेदेखि विद्यमान प्रतिरक्षाविरुद्ध विकसित हुन्छ भन्ने कुराको सम्भावना न्यून रहेको छ।

यस कारण धेरैजसो विशेषज्ञहरूले के भनेका छन् भने कोभिड–१९ बाट जोगिने सुरक्षित र प्रभावकारी तरीका एकमात्र 'खोप' हो र नियमितरूपमा खोपको बुस्टर डोज लिने आवश्यकता पनि पर्न सक्छ। यो कोरोना भाइरसले तीव्र गतिमा आफ्नो रूप परिवर्तन गरिरहेको कारण नभई, समय र उमेर अनुसार, मानिसको प्रतिरक्षा क्षीण हुन सक्छ भन्ने कारणले हो। विशेषज्ञहरूका अनुसार सधैंका लागि नभई, केही वर्षका लागि, कोरोना भाइरसको परिवर्तित संस्करण देखापर्ने सम्भावना छ। यसर्थ यसप्रति सचेत, जागरुक रहेर विश्व स्वास्थ्य सङ्गठनले अघि सारेका सुझावहरूको अक्षरशः पालन गर्नु नै बुद्धिमानी हुनेछ।

# चुलिंदो ऊर्जा सङ्कट : विश्वव्यापी आर्थिक मन्दीको खतरा

–कृष्ण अधिकारी

काठमाडौं, ७ कात्तिक/रासस

कोइला र प्राकृतिक ग्यास अभावसँगै अहिले विश्वव्यापीरूपमैं ऊर्जा सङ्कट निम्तिएको छ । कोइला र प्राकृतिक ग्याँसका ठूला उत्पादक मुलुक नै अहिले सङ्कटमा परेपछि त्यसको असर विश्वभर हरेक क्षेत्रमा पर्ने निश्चित छ। खासगरी कोइला उत्पादन तथा खपत बढी गर्ने चीन र भारत मात्र होइन, केही युरोपेली मुलुकले समेत चरमरूपमा ऊर्जा सङ्कटको सामना गरिरहँदा यसले विश्व अर्थव्यवस्थामैं नकारात्मक प्रभाव पार्न सक्ने भन्दै अर्थशास्त्रीहरूले चिन्ता व्यक्त गरेका छन् । त्यसमा पनि हाम्रो जस्तो आयातित ऊर्जामा निर्भर रहनुपर्ने तथा गरीब मुलुकका लागि यो समस्या अझ जटिल र दीर्घकालीन प्रभाव पार्न सक्ने विषयलाई यतिबेला विभिन्न अन्तर्राष्ट्रिय समाचार संस्थाहरूले प्राथमिकताका साथ प्रकाशन प्रसारण गरेका छन् ।

कोभिड महामारीका कारण प्रभावित विश्व अर्थतन्त्र अहिले पुनरुत्थानको चरणमा जान लाग्दा ऊर्जा सङ्कटको अर्को अवरोध सिर्जना गरेको छ । यसले उत्पादन, व्यापार र सेवा क्षेत्रमा समेत उत्पादनमा ऱ्हास, मूल्यवृद्धिलगायतका क्षेत्रमा गम्भीर असर



तस्वीर: फाइल

पुऱ्याउने देखिएको छ। विश्व बैंकले हालै सार्वजनिक गरेको 'कमोडिटी मार्केट आउटलूक' प्रतिवेदनले गत वर्षको तुलनामा सन् २०२१ को अन्तिम त्रैमासमा मात्र विश्वव्यापीरूपमा ऊर्जाको मूल्य ८० प्रतिशतसम्म वृद्धि भएको देखाएको छ। प्रतिवेदनले ऊर्जाको बढ्दो मूल्य सन् २०२२ मा पनि कायम रहन सक्ने हुँदा यसले विश्वव्यापीरूपमैं मुद्रास्फीति बढ्ने देखिन्छ । यसपटकको ऊर्जा सङ्कटलाई सन् २००८ कै आर्थिक मन्दीले ल्याएको विषम अवस्थाको रूपमा हेर्न थालिएको छ ।

विश्वमा यस किसिमका ऊर्जा सङ्कटहरू यसअघि पनि पटक–पटक भएका थिए । सन् १९७० को दशकमा जर्मनी, संयुक्त राज्य अमेरिका, क्यानडालगायतका प्रमुख औद्योगिक देशहरूमा तेल उत्पादन र वितरणमा अवरोधबाट ठूलो समस्या उत्पन्न भएको थियो। इरान–इराक युद्ध १९८०–१९८८, खाडी युद्ध १९९०–१९९१ तेलकै कारण भएका थिए । इरानी क्रान्तिका कारण सन् १९७९ मा तेल सङ्कट चुलिएको थियो भने खाडी युद्धले गर्दा सन् १९९० मा तेलको मूल्य अकासिएको थियो। यस्तै, सन् २०००–२००८ सम्म उत्तर अमेरिकी प्राकृतिक ग्याँस सङ्कट र सन् २००४ मा अर्जेन्टिनाको ऊर्जा सङ्कटले पनि ठूलो समस्या निम्त्याएको थियो।

सन् २००० मा सरकारद्वारा इन्धनमा लगाइएको अत्यधिक करको विरोधमा संयुक्त अधिराज्यको इन्धन प्रदर्शन पनि विश्वभर निकै चर्चामा रह्यो । सन् २०००–२००१ क्यालिफोर्नियामा भएको विद्युत् सङ्कट होस् वा २००८ मा दक्षिण अफ्रिकामा लामो समयसम्म विद्युत् सङ्कट सिर्जना भएको थियो भने २००८ मा पाकिस्तानमा ऊर्जा सङ्कटलाई समाधान गर्ने योजना र सन् २०१० मा राष्ट्रिय

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# फरक-फरक शैलीमा वन क्षेत्र अतिक्रमणसँगै खेती गर्न ठेक्का लगाउँदै

जीतलाल श्रेष्ठ, निजगढ, ७ कात्तिक/

नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति–२०६८ लागू गरेको १० वर्ष बित्नै लागेको छ। तर पछिल्लोपटक बारामा यो वन नीतिको कार्यान्वयन गर्ने क्रमले केही आशा भने जगाएको छ।

विभिन्न समयमा बाराको अतिक्रमित वन क्षेत्रमध्ये २४९.२९ हेक्टर जमीन यस वर्ष मुक्त गराइ तारबार र रेखदेखका लागि वन हेरालुसमेत राखी हराभरा बनाउन डिभिजन वन कार्यालय बाराले सक्रियता बढाएपछि गुमेकामध्येका वनको उक्त जमीन फिर्ता ल्याउन सफल भएको हो।

जिल्लाको चुरे क्षेत्रलगायत अमलेखगंजको चकरी, नयाँबस्ती, रतनपुरीको डमरपुर, भक्तलाल, भरतगंजसिगौंल, ककरी, बोधवन, हरैया, जैतापुर, पथलैयालगायत विभिन्न स्थानमा गरी अहिलेसम्म १० हजार हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटमा परेको डेढ दशक भएपनि सो जमीन वन क्षेत्रमा फर्काउन सकारात्मक पहल प्रयास भएपनि पूर्णरूपमा भने डिभिजन वन कार्यालयले सफलता पाउन सकिरहेको छैन।

वन क्षेत्रको जमीन व्यक्तिले अतिक्रमण गरी कब्जा जमाएमध्येका केही हिस्सा फिर्ता ल्याउन वन कार्यालयले पटक-पटक प्रयास गर्दै आएको छ। तर फरक-फरक नाम र शैलीमा अतिक्रमित वन क्षेत्रको जमीन फिर्ता ल्याउन भने सकेको देखिंदैन। कतै चर्च, कतै गुम्बा, कतै मठमन्दिर त, कतै ओमशान्ति त, कतै विद्यालयलगायत विभिन्न सङ्घसंस्थाहरूले वन क्षेत्र अतिक्रमण गर्दै खनजोत गरिरहेका छन्। साथै सो जमीनमा बोल कबोल अङ्कमा डाँक बढाबढ गर्दै खेती लगाउन ठेक्का दिइँदै आइरहेका छन्।

त्यसमध्येको निजगढ नगरपालिका–२ सिगौंलस्थित अस्थायी प्रहरी चौकीको दक्षिण–पश्चिमतर्फको ५० बिघाभन्दा बढी केराबारी वन क्षेत्रको हो। यहाँ केराखेती गर्न ठेक्का आह्वान गरिन्छ र ठेक्कामा लगाइन्छ, वनको जमीन। यहाँ कब्जा गरिएको वनको जमीन विद्यालय, मठमन्दिर, गुम्बालगायतका सङ्घसंस्थाहरूले भागबन्डा गरेका छन्। भागबन्डा गर्दै बाली लगाउन ठेक्कामा दिएको १० वर्षभन्दा बढी अवधि भइसक्यो। वन क्षेत्रको जमीनलाई पुनः वन क्षेत्रमा नै फर्काउन डिभिजन वन कार्यालय बाराले पटक-पटक प्रयास गर्दै आइरहेको छ। यसलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत हेरिरहेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले जानकारी दिए।

कुनै पनि बहाना वा नाममा वन क्षेत्र अतिक्रमण गर्नु, कब्जा गर्नु गराउनु गैरकानूनी कार्य हो। व्यक्तिभन्दा पनि संस्थागत वन अतिक्रमणले समस्या बढाइरहेको वन अधिकृतहरू बताउँछन्। कर्मचारी त आउँछन्, जान्छन्। तर वन क्षेत्रको संरक्षण गर्नु स्थानीय नागरिकको पनि जिम्मेवारी भएको वन कर्मचारीहरूको भनाइ छ।

वनजङ्गललाई संरक्षण गर्न सके मात्र मानवजीवन र वातावरणमा सकारात्मक प्रभाव पर्ने जानकारहरू बताउँछन्। ८–१० वर्षअघि बाराको वन क्षेत्रमा तपस्वी भनिएका रामबहादुर बमजनको नाउँमा कब्जा जमाउन थालेसँगै तत्कालीन जिल्ला वन कार्यालय बारा र प्रहरी प्रशासनले उनको वन क्षेत्रमा हुँदै आइरहेका गतिविधिलाई नियन्त्रणमा लिई तपस्वी भनिएका बमजनलाई पक्राउ पुर्जी काटेपछि उनले बाराको वन क्षेत्र छोड्नुपरेको थियो।



निजगढ नपा–२ वन क्षेत्रको जमीन अतिक्रमण कब्जा गरि खेतीबाली लगाउन ठेक्का लगाउँदै आइ रहेका छन्। तस्वीरः प्रतीक

अहिले बस्ती, खोलाखोल्सी छेउका वन क्षेत्रको जमीनलाई समेत भूमाफिया गिरोहले कब्जा जमाउँदै आइरहेको छ। निजगढ नपा–१० लाल र मकवानपुर बकैया गाउँपालिका–६ भालुखोलाछेउ तीन बिघाभन्दा बढी करोडौं मूल्य पर्ने जमीन व्यक्तिले ढुङ्गाको गारो लगाउँदै अतिक्रमण गर्ने प्रयास गरेको तीन वर्ष भयो। सार्वजनिक जमीन कब्जा गर्ने सुवनसिंह लोप्चनलाई डिभिजन वन कार्यालय, बाराले सो जमीनको प्रमाण पेश गर्न पटक-पटक पत्राचार गर्दै आइरहे पनि हकभोगसहितको प्रमाण पेश गर्न नसकेको वन कार्यालय बाराले जनाएको छ। उक्त जमीन सार्वजनिक भएको बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनालले बताएका छन् भने गाउँपालिकाले बोर्डसमेत गाडिसकेको छ।

त्यसैगरी, निजगढ नपा–१० लालमा लाल खोलाको ३० बिघाभन्दा बढी नदीउकास जमीनलाई समेत घेराबार गर्दै जमीन कब्जा गर्दै आइरहे पनि स्थानीय निकाय चुपचाप छ। वन कार्यालय बाराले सो जमीन वन क्षेत्रको रहेको जनाउँदै हकभोगको कागजात उपलब्ध गराउन बारम्बार आग्रह गर्दा पनि अपूग प्रमाण देखाउने गरेको रतनपुरी सबडिभिजन वन कार्यालयका प्रमुख रविकान्त श्रीवास्तवले जानकारी दिए। त्यस जमीनमा खनजोतलगायतका थप गतिविधि बढाए संलग्न जोकोहीलाई पनि पक्राउ गरी आवश्यक कानूनी कारबाही अघि बढाउने डिवका बाराले जनाउँदै आएको छ।

फरक-फरक शैलीमा वन क्षेत्र अतिक्रमण गर्ने, कब्जा जमाउने जस्ता कार्यले प्रश्रय पाउँदै जाने हो भने बाराको वन क्षेत्र झनै साँघुरिँदै जाने देखिन्छ।

वन अतिक्रमण नियन्त्रण रणनीतिमा संवैधानिक एवं कानूनी व्यवस्थासमेत गरेको छ। नेपालको अन्तरिम संविधान २०६३ को राज्यको नीति अन्तर्गत धारा ३५ (५) मा 'राज्यले वन, वनस्पति तथा जैविक विविधताको संरक्षण, दिगो उपभोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक बाँडफाँडको व्यवस्था गर्नेछ' भनिएको छ।

उक्त रणनीतिको कार्यविधिमा अतिक्रमण भएको क्षेत्रलाई तुरुन्त खाली गर्ने, हटाउने, सो जमीनलाई पुनः वन क्षेत्र कायम हुने गरी प्रकृति हेरी तारबार, वृक्षारोपण गर्ने, हुर्काउने र संरक्षणका लागि जनसहभागिता जुटाउनेलगायतका बुदाँ समेटिएका छन्। व्यक्तिगत, संस्थागत, धार्मिक नाउँमा वर्षौंदेखि अतिक्रमण गरिएको वन क्षेत्रलाई पनि समय दिई खाली गराइ वन क्षेत्रमा नै कायम गर्ने स्पष्ट भनिएको छ।

त्यस्तै, कार्यनीतिमा वन क्षेत्रको जग्गा अतिक्रमण गरी बसोवास गरेका व्यक्तिका नाममा यस्तो जग्गा कुनै पनि अवस्थामा दर्ता गरिनेछैन पनि भनिएको छ। तर सो नीति कार्यान्वयन नगरी मात्रै कागजमैं थन्क्याइएको छ।

बाराका तत्कालीन रतनपुरी, भरतगंजसिगौंल, कोल्हवी, सपही, पसौना, ककडी गाविसका बस्तीहरूका अधिकांश भूभाग वनसँग जोडिएका छन्। वनसँग जोडिएका यी तत्कालीन गाविस हालका नगरपालिका र बस्तीका अधिकांश वन क्षेत्र अतिक्रमणमा परेका छन्। अतिक्रमित वनको जमीन संरक्षण गर्ने नाउँमा अग्निरेखा अर्थात् फायरलाइन खोलिएका छन्।

अग्निरेखा खोलिएपछि त्यसपछाडिको वनको जमीन अतिक्रमण हुनबाट रोकियो। तर त्यसअघिका अधिकांश वनका जमीनमा भने निर्धक्क पक्की, कच्ची संरचना बनाउँदै बस्ती बाक्लिंदै गयो। त्यसलाई पनि रोक्न वन कार्यालय अग्रसर भएन। न त राज्यका अन्य निकाय नै अग्रसर भए। यही नै हो, वन अतिक्रमण नियन्त्रण र संरक्षणको ठूलो समस्या ?

तत्कालका निम्ति वन क्षेत्र अतिक्रमणको समस्या टरे पनि अग्निरेखा अर्थात् फायरलाइनलाई साँध, सिमाना मानेर अन्य वन क्षेत्रको जग्गा दिनदहाडै निर्धक्क उपभोग भइरहेका छन्। त्यस क्षेत्रमा केही वर्षपछि धमाधम पक्की घर बनिरहेका छन्। वन क्षेत्र हडप्नेहरूको सङ्ख्या बढ्दो छ। यता राज्य मूकदर्शक बन्दै आएको छ। वास्तविक सुकुमबासीलाई वासको व्यवस्था मिलाइ अतिक्रमित वन क्षेत्रलाई पुनः वनमा नै फर्काउन सकिन्छ। सरकारद्वारा भूमिहीन सुकुमबासी आयोग गठन हुने गरे पनि यस्ता वन क्षेत्रको जमीनको यकीन गरी वन क्षेत्रमा नै फर्काउन आवश्यक रहेको सचेत स्थानीयहरू बताउँछन्।

अतिक्रमित वन क्षेत्र पुनः वनमा नै फर्काउन प्रहरी प्रशासन, सरोकारवाला निकाय, राजनीतिकर्मीहरूसँग समन्वय गरी काम गर्दा सहजै समस्या समाधान हुने देखिन्छ। यसतर्फ डिभिजन वन कार्यालय बारा, स्थानीय निकाय र राज्यको बेलैमा ध्यान जानुपर्छ।

# वीरगंज भन्सारबाट प्रतिबन्धित कम्बाइन्ड हार्भेस्टरको जाँचपास

राधेश्याम पटेल, वीरगंज, ७ कात्तिक/

मुलुकको प्रमुख भन्सार नाका वीरगंज भन्सार मातहतको एकीकृत जाँच चौकी (आइसिपी)बाट दुई थान प्रतिबन्धित कम्बाइन्ड हार्भेस्टरको जाँचपास भएको घटना सार्वजनिक भएको छ।

भन्सार कर्मचारीको सेटिङमा आयात गर्न नमिल्ने कम्बाइन्ड हार्भेस्टरको जाँचपास भएको सूचना पाएपछि पर्सा प्रहरीले दुई थान हार्भेस्टर नियन्त्रणमा लिएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी गराए। उनका अनुसार भन्सार ऐनविपरीत स्ट्र कलेक्टर वा बेलरविनाको कम्बाइन्ड हार्भेस्टरको आयात गरिएको सूचना पाएपछि आफूहरूले गत बिहीवार राति १० बजे वीरगंज–२१ परवानीपुर चोकबाट नियन्त्रणमा लिएको बताए।

उनका अनुसार वाणिज्य मन्त्रालयको २०७६ असार २ मा प्रकाशित राजपत्रको सूचनाको भाग ५ खण्ड ६९ को सङ्ख्या ११ को दफा ४ मा 'पैठारीका लागि पूर्ण बन्देज लागेको वस्तु'को सूची रहेको छ। सूचीको बुँदा 'च'मा 'स्ट्र कलेक्टर वा बेलरविनाको कम्बाइन्ड हार्भेस्टर' उल्लिखित छ।

त्यसैको आधारमा प्रहरीले नियन्त्रणमा लिएको उनले स्पष्ट पारे। प्रहरीले शुक्रवार बिहान राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाउन पठाउँदा कार्यालयले बुझ्न नमान्दा आइतवार वीरगंज भन्सारमा पठाउँदा पनि आवश्यक कारबाही गर्न वीरगंज भन्सार तयार नभएपछि पर्सा प्रहरीले अहिले उक्त हार्भेस्टर बसपार्कमा प्रहरीको निगरानीमा राखेको छ। स्रोतका अनुसार यस्तै तीनवटा मेशिन हाल वीरगंज भन्सारको आइसिपी भन्सार यार्डमा जाँचपास गराउने आयातकर्ताको सेटिङ छ।

स्रोतका अनुसार प्रतिमेशिन १ लाख घूस दिएर प्रतिबन्धित मेशिन जाँचपास गराइएको हो। नियमविपरीत भित्रिएको सिमरन ब्रान्डको कम्बाइन्ड हार्भेस्टर भारतको पञ्जाबको नाभा जिल्लाको मुण्डे मेकानिकल वर्क्सबाट रूपन्देहीको फैज ट्रेड लिङ्कले आयात गरेको हो। पञ्जाबबाट सुनौली नाका नजीक परे तापनि भैरहवा नाकाबाट गैरकानूनीरूपमा मेशिन भित्र्याउन नसकेर आयातकर्ताले घूस दिएर साढे ५ सय किमी टाढाको नाका वीरगंजबाट उक्त मेशिन ल्याउने चेष्टा गरेका हुन्। २९ लाख ९० हजार पर्ने एउटा मेशिनको प्रज्ञापनपत्रमा भन्सार अधिकृत बुद्धि चूडालले र अर्को गाडीको प्रज्ञापनपत्रमा भन्सार अधिकृत धर्मराज सुवेदीले हस्ताक्षर गरेका छन्।

यस विषयमा वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलसँग बुझ्दा उनले पुरानो भन्सार विभाग अर्थात् २०७१ कात्तिक ११ को परिपत्र अनुसार जाँचपास भएको हुन सक्ने बताए। त्यस बेला 'स्ट्र कलेक्टर वा बेलरविनाको कम्बाइन्ड हार्भेस्टर' भित्र्याउँदा बाली काट्दा पराल वा गहुँको छवाली नजलाइ वातावरण प्रदूषण नहोस् भनेर शर्तनामा गरी आयात स्वीकृति गर्ने व्यवस्था थियो।

त्यसैको आधारमा मेशिनको जाँचपास गरेको भन्सार स्रोतको दाबी छ। प्रमुख भन्सार अधिकृत पौडेलले भने, "साथीहरूले के हेरेर जाँचपास गरेका हुन्, जानेर गलती नभएको होला, यसबारेमा कृषि विज्ञसँग बुझेर आवश्यक कारबाही प्रक्रिया अघि बढाउँछु।" उनले वीरगंज भन्सारमा कर्मचारीको मिलेमतोमा अवैध मालवस्तुको जाँचपास हुने वा न्यून बिजकीकरणको सामान भित्रिने प्रश्नमा उनले त्यस्तो आरोप लगाउने खालको मात्र भएको र आधारहीन भएको प्रतिक्रिया दिए।"

खाली हार्भेस्टरको ३० लाखदेखि ३५ लाख रुपैयाँ पर्छ। स्ट्र कलेक्टर वा बेलरसहितको ल्याइयो भने थप २५ लाख रुपैयाँ पर्छ। त्यस कारण कम मूल्यमा सामान ल्याएर बेच्ने नियतले आयातकर्ताहरू ऐन मिचेर स्ट्र कलेक्टर वा बेलरविनाको कम्बाइन्ड हार्भेस्टर मगाउने गरेका छन्।

# बेमौसमी वर्षाको चोट

काठमाडौं, ७ कात्तिक/रासस

मनसुन सकिएको हप्तापछि बङ्गालको खाडी र पश्चिमी वायुको संयुक्त प्रभावका कारण परेको भारी वर्षाले निम्त्याएको बाढी, पहिरो र डुबानबाट मुलुकका २६ जिल्ला नराम्ररी प्रभावित भएका छन्। ती जिल्लाले भौतिक तथा मानवीय क्षतिसमेत बेहोरेको छ।

सात प्रदेशमध्ये सबैभन्दा बढी प्रदेश नं १ ले मानवीय क्षति बेहोरेको छ। त्यसपछि सुदूरपश्चिम प्रदेशमा मानवीय क्षति भएको छ। यसपालि नेपालमा पानी पार्ने प्रणालीको संयुक्त प्रभाव असोज ३१ बाट शुरू भएको थियो। सो प्रणाली कात्तिक ३ सम्म रह्यो। त्यसको छिटफुट प्रभाव अहिले पनि कायमै रहँदा मौसम बदलीकै क्रममा छ।

पहिलो दुई दिन सुदूरपश्चिम प्रदेशमा असर गरेको थियो भने त्यसको अर्को दुई दिन प्रदेश नं १ लाई प्रभावित बनाएको थियो। प्रदेश नं २, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशमा भने न्यून क्षति भएको छ। ती प्रदेशका एकाध जिल्लाले मात्रै क्षति बेहोर्नुपर्‍यो।

गृह मन्त्रालयबाट आज प्राप्त पछिल्लो तथ्याङ्कमा ती जिल्लामा कुल ११७ जनाले ज्यान गुमाएको पुष्टि भएको मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका प्रमुख हुमकला पाण्डेले जानकारी दिइन्। यसअघि १११ जना मृत्यु भएको विवरण सार्वजनिक भएको थियो। पछिल्लो चौबीस घण्टामा बेपत्ता भएकामध्ये पाँचजनाको शव फेला परेको हो। अझै ३२ जना हराइरहेका छन्। मृत्यु हुनेमा ५७ पुरुष, ३५ महिला र २५ बालबालिका छन्। बेपत्ता हुनेमा १३ पुरुष, सात महिला र १२ बालबालिका छन्।

कुल ४४ जना घाइते भएका र उनीहरूमध्ये कतिपय उपचारपछि घर फर्किएका छन् भने केहीको उपचार जारी छ। कुल ३० घर आंशिक र ११८ घर पूर्ण क्षति भएको गृह मन्त्रालयले जनाएको छ। जलवायु परिवर्तन विज्ञ डा ङमीन्द्र दाहाल बेमौसममा यति ठूलो वर्षा हुनु जलवायु परिवर्तनको असर भएको बताउँछन्। प्राप्त विवरण अनुसार मुलुकका विभिन्न ठूला आठ राष्ट्रिय राजमार्गमा क्षति पुर्‍याएकामा अझै छवटा सञ्चालनमा आउन सकेका छैनन्। सडकको भौतिक पूर्वाधारमा मात्रै एक अर्ब पाँच करोड क्षति भएको प्रारम्भिक विवरण छ। धानबाली तथा अन्य भौतिक क्षतिको विषयमा विवरण सङ्कलन जारी रहेको गृह मन्त्रालयले जनाएको छ। सरकारले यसअघि नै घाइतेको निश्शुल्क उपचार गर्ने र मानवीय क्षति बेहोरेका परिवारलाई राहत दिने घोषणा गरिसकेको छ।

**प्रदेश नं १ मा सबैभन्दा बढी क्षति**

प्रदेश नं १ मा धनकुटा, मोरङ, सुनसरी, पाँचथर, इलाम, भोजपुर, ओखलढुङ्गा, सङ्खुवासभा, सोलुखुम्बु र उदयपुरमा वर्षाको ठूलो प्रभाव परेको थियो। प्रदेश नं १ मा ६७ जनाको मृत्यु भएको छ भने सातजना बेपत्ता छन्।

यस प्रदेशको पाँचथरमा सबैभन्दा बढी ३० जनाको मृत्यु भएको छ। त्यसपछि इलाममा १४, सुनसरीमा १० र धनकुटामा पाँचजनाले ज्यान गुमाएका छन्। बेपत्ता हुने सबैभन्दा बढी चारजना पनि पाँचथरका छन्।

**प्रदेश नं २, वाग्मती, गण्डकी र लुम्बिनीमा कम क्षति**

प्राप्त विवरण अनुसार मुलुकका चार प्रदेश (प्रदेश २, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशमा) भने बाढी, पहिरो र डुबानबाट तुलनात्मकरूपमा कम क्षति भएको छ। प्रदेश नं २ मा सप्तरी जिल्लालाई मात्रै प्रभावित बनाएको छ। उक्त जिल्लामा बाढीमा परेर एकजना बेपत्ता भएका छन्।

वाग्मती प्रदेशको सिन्धुली प्रभावित भएको जनाइएको छ। सिन्धुलीमा बाढीबाट एकजनाको मृत्यु भएको छ। गण्डकी प्रदेशको नवलपरासी पूर्व (नवलपुर)मा दुईजनाको मृत्यु भएको छ। लुम्बिनी प्रदेशको प्यूठानमा मात्रै क्षति गराएको छ। प्राप्त विवरण अनुसार उक्त जिल्लामा दुईजनाको मृत्यु भएको र एकजना बेपत्ता रहेको जनाइएको छ।

**कर्णालीका पाँच जिल्ला प्रभावित**

कर्णाली प्रदेशका पाँच जिल्ला प्रभावित भएका छन्। ती जिल्लामा आठजनाको मृत्यु, चारजना घाइते र एकजना बेपत्ता रहेका छन्। प्राप्त विवरण अनुसार कालीकोटमा एक, हुम्लामा छ र सल्यानमा एकजनाको मृत्यु भएको छ। जुम्लामा एकजना बेपत्ता छन् भने सुर्खेत र कालीकोटमा गरी चारजना घाइते छन्।

**यस्तो छ सुदूरपश्चिमको क्षति**

सुदूरपश्चिम प्रदेशका सात जिल्ला प्रभावित भएका छन्। ती जिल्लामा ३७ जनाको मृत्यु भएको छ भने २२ जना बेपत्ता छन्। सत्रजना घाइते छन्। सबैभन्दा बढी डोटीमा १६ र बझाङमा १२ जनाको मृत्यु भएको छ। यस्तै, बैतडीमा चार, डडेलधुरामा तीन तथा अछाम र कैलालीमा एक/एक जनाको मृत्यु भएको छ। बझाङमा अझै १९ जना हराइरहेका छन्। डोटी र कैलालीमा एक/एक जना बेपत्ता छन्।

| प्रदेश नं | मृत्यु | | | | घाइते | | | | बेपत्ता | | | | घर क्षति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | बालबालिका | जम्मा | पुरुष | महिला | बालबालिका | जम्मा | पुरुष | महिला | बालबालिका | जम्मा | आंशिक | पूर्ण | जम्मा |
| १. | ३७ | १९ | ११ | ६७ | १२ | १० | १ | २३ | ६ | १ | ० | ७ | ० | १५ | १५ |
| २. | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | ० | ० |
| ३. | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४. | १ | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५. | ० | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० |
| ६. | ३ | २ | ३ | ८ | २ | ० | २ | ४ | ० | १ | ० | १ | ० | २ | २ |
| ७. | १६ | ११ | १० | ३७ | ३ | ९ | ५ | १७ | ६ | ५ | ११ | २२ | ३० | १०१ | १३१ |
| कुल जम्मा | ५७ | ३५ | २५ | ११७ | १७ | १९ | ८ | ४४ | १३ | ७ | १२ | ३२ | ३० | ११८ | १४८ |

# स्वास्थ्य कार्यालयको वार्षिक समीक्षा गोष्ठी सम्पन्न

प्रस, परवानीपुर, ७ कात्तिक/

स्वास्थ्य कार्यालय पर्साको आयोजनामा वार्षिक जिल्ला समीक्षा गोष्ठी सम्पन्न भएको छ। गोष्ठीको उद्घाटन पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले गरेका थिए। कार्यक्रममा उनले सरकारले तोकेको लक्ष्य पूरा गराउन कोभिड महामारीमा सम्पूर्ण स्वास्थ्यकर्मीले अहम् भूमिका निर्वाह गरेको र आगामी दिनमा पनि जनताको स्वास्थ्य सेवा अझै प्रभावकारी किसिमले अघि बढाउँदै लैजान सुझाव दिए।




स्वास्थ्य कार्यालय पर्साका प्रमुख नवलकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका १४ वटा पालिकाका स्वास्थ्य संयोजक, प्रतिनिधि, स्वास्थ्य क्षेत्रमा काम गर्ने देशी विदेशी गैरसरकारी संस्थाका प्रतिनिधिहरूबीच छलफल भएको थियो।

# सर्लाहीको नवलपुरमा नयाँ विद्युत् सबस्टेशन सञ्चालनमा

काठमाडौं, ७ कात्तिक/रासस

नेपाल विद्युत् प्राधिकरणले ठूलो क्षमताको सबस्टेशन सञ्चालनमा ल्याएको छ।

सर्लाहीको लालबन्दी नगरपालिका–१ नवलपुरमा १३२/३३ केभीको सबस्टेशन निर्माण भएको प्राधिकरणले जनाएको छ। सर्लाहीको विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र आगामी दिनमा खुल्ने नयाँ उद्योगलाई विद्युत् उपलब्ध गराउन निर्माण गरिएको सबस्टेशन शनिवारदेखि सञ्चालनमा ल्याइएको छ। सबस्टेशन शनिवार चार्ज गरिएको छ।



का.नि. कुलमान घिसिङ

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सबस्टेशन सञ्चालनमा आएसँगै सर्लाहीको विद्युत् आपूर्ति विश्वसनीय हुने र प्राविधिक चुहावट घट्ने जानकारी दिए। "सर्लाहीमा अहिले ढल्केबर र चन्द्रनिगाहपुर सबस्टेशनबाट ३३ केभी लाइनमार्फत विद्युत् आपूर्ति भइरहेको थियो, ३३ केभी लाइन धेरै लामो हुँदा प्राविधिक चुहावट थियो भने विद्युत् आपूर्तिमा समेत अवरोध हुँदै आएको थियो," कार्यकारी निर्देशक घिसिङले भने, "अब नवलपुर सबस्टेशनबाट सीधैं विद्युत् आपूर्ति हुने भएकाले लाइन छोटो हुँदा चुहावट घट्छ, विद्युत् आपूर्ति पनि विश्वसनीय र गुणस्तरीय बन्नेछ।" सर्लाहीमा खुल्ने उद्योगलाई पर्याप्त विद्युत् दिन सकिने पनि उनको भनाइ छ।

पूर्व–पश्चिम १३२ केभी प्रसारण लाइन नवलपुर सबस्टेशनमा भित्रने (लुप इन) र बाहिरिने (लुप आउट) छ। यहीं १३२ केभी लाइनबाट नवलपुर सबस्टेशनमा विद्युत् आपूर्ति दिइनेछ। सबस्टेशनमा १३२/३३ केभी, ६३ एमभिए र ३३/११ केभी, १६ एमभिए क्षमताका दुईवटा ट्रान्सफर्मर राखिएको छ। यही सबस्टेशनमार्फत सर्लाहीका हरिपुर र मलङ्वा ३३/११ केभी वितरण सबस्टेशनमा विद्युत् आपूर्ति दिइनेछ।

सबस्टेशनको प्रारम्भिक काम आव २०७४/७५ र मुख्य निर्माण आव २०७५/७६ मा शुरू गरिएको थियो। कोभिड–१९ को महामारीका कारण उपकरण ल्याउन नसक्दा निर्माणमा केही ढिला भएको सबस्टेशन आयोजनाका प्रमुख निरञ्जन साहले बताए। सबस्टेशनको निर्माणको ठेक्का पावर टेक, भारत र वाइवा इन्फ्राटेक, नेपालको संयुक्त उपक्रम (जेभी)ले पाएको थियो।

# पर्यटन प्रवर्द्धनका लागि नेपाल र भारतबीच सहकार्य गरिने

काठमाडौं, ७ कात्तिक/रासस

नेपाल र भारतबीच दुवै देशको पर्यटन प्रवर्द्धनका लागि सहकार्य गरिने भएको छ। उक्त प्रयोजनका निम्ति नेपाल पर्यटन बोर्ड र भारतको ट्राभल एजेन्ट्स एशोसिएशन अफ इन्डिया (टाई)बीच दुई देशीय पर्यटन प्रवर्द्धनका लागि आपसी सहकार्य गर्ने सम्झौता गरिएको हो।


तनहाको व्यास नगरपालिका–५ स्थित मानुङकोटमा घुम्नका लागि पुगेका पर्यटक। तस्वीरः रासस

नयाँ दिल्लीमा यही अक्टोबर २२ तारिखमा आयोजित एक कार्यक्रमबीच बोर्डका कार्यकारी प्रमुख डा धनञ्जय रेग्मी टाईका अध्यक्ष ज्योति मायालले उक्त सम्झौतामा हस्ताक्षर गरेको बोर्डले आइतवार विज्ञप्तिमार्फत जनाएको छ।


सम्झौता अनुसार बोर्ड तथा टाईले आयोजना गर्ने पर्यटन प्रवर्द्धनका विभिन्न 'इभेन्ट', 'रोड शो', वेविनार जस्ता कार्यक्रममा आपसी सहकार्य गर्ने तथा दुवै देशमा आयोजना हुने राष्ट्रिय तथा क्षेत्रीय कार्यक्रम, ट्राभल मार्ट जस्ता कार्यक्रममा आमन्त्रण गर्नेलगायतका विषय समावेश छन्।

भारत नेपालका प्रमुख पर्यटकीय स्रोत बजार रहेकोले यस सम्झौताले नेपालको पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने बोर्डका कार्यकारी प्रमुख डा रेग्मीले बताए। उनले एक अर्को देशमा भएका पर्यटन प्रवर्द्धनका राम्रा अभ्यास आदानप्रदान गर्दा दुवै देशको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गरे।

# कोरियामा नेपाली कविका कृतिलाई २५ लाख पुरस्कार

काठमाडौं, ७ कात्तिक/रासस

दक्षिण कोरियामा नेपाली कविका संयुक्त कविता कृति 'यो मेशिनको शहर हो'लाई २५ लाख कोरियन वनसहित कोरियाको एक प्रतिष्ठित पुरस्कार 'एसिया भिजन' प्राप्त भएको छ। कोरियाको प्रतिष्ठित साहित्य संस्था हेसान बाग्दुजिनद्वारा आइतवार एक समारोहका बीच उक्त पुरस्कार प्रदान गरिएको हो।



तस्वीरः सौजन्य

कोरियाका लोकप्रिय कवि स्व बाग्दुजिनको नाममा स्थापित उक्त संस्थाले प्रतिष्ठित बाग्दुजिन पुस्कार र आन्सङ पुरस्कार प्रदान गर्दै आएको थियो। संस्थाले यसपालिदेखि 'एसिया भिजन पुरस्कार' प्रदान गर्न शुरू गरेको हो। पहिलोपटक प्रदान गरिएको यो पुरस्कार चिनियाँ कवि जनउन्जी र नेपाली कविका पुस्तकलाई संयुक्तरूपमा प्रदान गरिएको हो। पचास लाख कोरियन वन (नेपाली रुपैयाँ पाँच लाख बराबर) नगद राशिको उक्त पुरस्कार दुई कृतिलाई संयुक्त रूपमा प्रदान गरिएका कारण नेपाली कृतिले २५ लाख हात पारेको हो।

कार्यक्रममा नेपाली पुस्तक 'यो मेशिनको शहर हो'को समीक्षा गर्दै एसिया फाउन्डेशनका अध्यक्ष जो नामछलले विदेशमा कामदारको रूपमा कार्यरत भएपनि नेपाली कविका कवितामा उच्च काव्यिक चेतना रहेको बताए। कार्यक्रममा नेपाली पुस्तक टोलीको प्रतिनिधिको रूपमा अनुवादक तथा कवि मोहन कार्कीले पुरस्कार ग्रहण गरेका थिए। पुरस्कारको रकमले कोरियामा रहेका नेपाली कथाकारको कथालाई अनुवाद गरी कोरियन भाषामा प्रकाशन गर्ने योजना रहेकोसमेत कार्कीले बताए।

कोरियामा रोजगारलगायत विविध पेशामा आबद्ध नेपाली ३५ कविका ७० कविता समावेश भएको कविता सङ्ग्रह 'यो मेशिनको शहर हो' गत पुसमा प्रकाशन भएको थियो। कृतिमा कवि सुरेशसिंह सम्बाहाङ्फे, सेसेफुङ सेर्मा, जीवन खत्री, बोनम प्रताप, सुषमा रानाहाछा, शकुन आँसु, खोम गुरुङ, बाबू बलिन्द्र, सुन्दर गाउँले, निर्गराज राई, रमेश सायन, गनिन्द्र विवश, रामकुमार राई, मधु सिङ्जाली मगर, विङ्कल चेम्जोङ, सञ्जय काउछा, दीपा मेवाहाङ राई, यल्जी विवश, वियोगी काइँलालगायतका कविता समाविष्ट छन्।

कविताको पराजित पोमुले सम्पादन गरेको कृतिलाई कोरियन कवि इ गिजु (मुना) र मोहन कार्कीले अनुवाद गरेका हुन्।


नेपाली भाषामा लेखिएका कवितालाई कोरियन भाषामा अनुवाद गरी कोरियाको प्रतिष्ठित प्रकाशन गृह 'नाम्छाड'ले गत पुसमा प्रकाशन गरेको थियो। कविता कृति 'यो मेशिनको शहर हो' नेपाली भाषामा पनि प्रकाशन गर्ने योजना रहेको प्रकाशकले बताएका छन्।

यस कृतिलाई यसअघि पनि 'रेड अवार्ड' प्रदान गरिएको थियो। केही महीनाअघि राजधानी सियोलमा रूसी बोल्सेभिक क्रान्तिको स्मृतिका अवसरमा 'रेड अवार्ड' प्रदान गरिएको थियो।

# फिल्म सिटी निर्माणले गति लिंदै

दोलखा, ७ कात्तिक/रासस

सरकारले दोलखामा बन्न लागेको अन्तर्राष्ट्रियस्तरको चलचित्र नगरी (फिल्म सिटी)लाई प्राथमिकताका साथ अघि बढाउने भएको छ। फिल्म सिटीको पछिल्लो अवस्था बुझ्न सञ्चार मन्त्रालयका सचिव डा वैकुण्ठ अर्याल नेतृत्वको एक टोलीले दोलखाको डाङडुङे डाँडास्थित निर्माण क्षेत्रको अवलोकन गरेको छ। शनिवार अवलोकनपछि सचिव अर्यालले प्राकृतिक सौन्दर्यता र 'इन्डोर स्टुडियो'को लागि समेत यो स्थानमा फिल्म सिटी उपर्युक्त हुने देखिएको भन्दै सरकारले प्राथमिकता साथ काम अघि बढाउने जानकारी दिए।


तस्वीरः रासस

मन्त्रिपरिषद्ले पाँच वर्षअघि भीमेश्वर नगरपालिका–९ स्थित डाङडुङे डाँडामा चलचित्र नगरी बनाउन सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गत रहेको चलचित्र विकास बोर्डलाई चलचित्र नगरी आयोजना निर्माण एवं सञ्चालनका लागि निर्देशन दिएको थियो। सोही आधारमा एक हजार ५०० रोपनीभन्दा बढी क्षेत्रफल रहेको उक्त क्षेत्रमा फिल्म सिटी बनाउन बोर्डले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत बनाइसकेको छ।

सञ्चार सचिव डा अर्यालले आयोजनास्थल अवलोकनपछि उच्च पहाडी स्थानमा रहेको दुर्लभ फिल्म सिटीमध्येमा यो ठाउँ भएकोले यसको महत्त्व अरू बढी हुनेसमेत बताए। यहाँबाट देखिने हिमालय शृङ्खला, अनेक थरी लालीगुँराससहितको फूल, चट्टान, खोलानाला र हरियालीले फिल्म सिटीलाई प्राकृतिकरूपमा समेत साथ दिने उनले बताए।

बोर्डको संयोजनमा पुगेको अवलोकन टोलीमा मन्त्रालयका सहसचिवद्वय विनोदप्रकाश सिंह, अनिल दत्त, चलचित्र नगरी सहयोग समितिका संयोजक वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, सदस्य बालकृष्ण बस्नेत र जीतबहादुर श्रेष्ठ, बोर्डका अध्यक्ष दयाराम दाहाल, सदस्यसचिव महेन्द्र साँखी, बोर्ड सदस्य प्रकाश भट्टराईलगायत थिए।

फिल्म सिटीका अभियन्ता श्रेष्ठले राष्ट्रको गौरवको परियोजना भएकाले यसलाई कुनै हिसाबले रोक्न नहुने बताए। स्थानीयवासीको सहयोगमा जग्गा उपलब्ध गराउनेदेखि अन्य काममा समेत हातेमालो हुँदै आएकाले सरकारले ढिलो नगरी कामलाई तीव्रता दिन उनले मागसमेत गरे। उक्त परियोजनाको सम्भाव्यता अध्ययनसहितको व्यवस्थापनमा सङ्घीय सरकारले केही रकम उपलब्ध गराए पनि पर्याप्त बजेट नहुँदा चलचित्र क्षेत्रको भविष्य जोडिएको यो काममा ढिलाइ भएको उनको भनाइ छ।

प्रस्तावित अन्तर्राष्ट्रिय चलचित्र नगरीमा प्रशासनिक भवन तथा गेट निर्माणका लागि वाग्मती प्रदेश सरकारबाट भीमेश्वर नगरपालिकामार्फत तीन करोड ५० लाख रकम विनियोजन भई कामसमेत शुरू भइसकेको छ। डिपिआरमा केही थपघट गर्नुपर्ने भए त्यसलाई समेत हेरी बाँकी काम बढाउन वर्तमान सरकारले विशेष चासो दिने सचिव अर्यालले बताए।

सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले समेत यो परियोजनालाई तीव्र ढङ्गले अघि बढाउन निर्देशन दिएका छन्। त्यसका लागि आवश्यक समन्वय गर्न मन्त्रालय तयार भएको जानकारी आफूले पाएको अभियन्ता श्रेष्ठले जानकारी दिए। यसअघि नै मन्त्रिपरिषद्ले आयोजनास्थलमा पर्ने राष्ट्रिय वन क्षेत्रको ७६.२५ हेक्टर जग्गा प्रयोग गर्न दिने र सोही स्थानमा रहेका एक सय चारवटा रूखबिरुवा हटाउन स्वीकृति दिएको छ।

ऐतिहासिक, पुरातात्त्विक, प्राकृतिक तथा धार्मिक सम्पदाले भरिपूर्ण दोलखामा निर्माण गर्न लागिएको फिल्म सिटी नेपालकै पहिलो हो। डाङडुङे डाँडामा फिल्म सिटी बनेमा यहाँ अहिलेसम्मको विश्वको सबैभन्दा बढी उचाइमा फिल्म सिटी बन्ने, आर्थिकरूपमा नेपाल सम्पन्न हुँदै जाने, सामाजिक तथा प्राविधिकरूपमा उपयुक्त ठाउँ रहेको र हावापानीको हिसाबले पनि अति उपयुक्त रहेको प्राविधिकहरूको मूल्याङ्कन छ। आयोजना निर्माणका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारको बजेटले मात्र नपुग्ने भएकाले विदेशी सहायताका लागिसमेत प्रयास भइरहेको जानकारी चलचित्र विकास बोर्डका अध्यक्ष दयाराम दाहालले दिए।

काठमाडौंबाट करीब एक सय नौ किमी पूर्वमा रहेको डाङडुङे डाँडाबाट काठमाडौंको स्वयम्भू, फूलचोकी, रोल्वालिङ हिमशृङ्खला, गौरीशङ्कर, जुगल, गणेश हिमालका साथै सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सोलुखुम्बु, रामेछाप तथा ओखलढुङ्गा जिल्लाका ६० प्रतिशत भूभाग दृश्यावलोकन गर्न सकिनेछ। प्रशासनिक भवन तथा प्रवेशद्वार निर्माणका लागि टेन्डर प्रक्रिया अगाडि बढिसकेको छ।

अन्तर्राष्ट्रिय लगानी सम्मेलनमा समेत बाह्य लगानीका लागि यो परियोजना छानिएको थियो। चलचित्र नगरी निर्माणका लागि अन्तर्राष्ट्रिय लगानी भित्र्याउनसमेत आवश्यक पर्न सक्ने सचिव अर्यालले बताए। आयोजनाको विस्तृत परियोजना प्रतिवेदनले रु दुई अर्ब ७५ करोड लागत अनुमान पर्ने जनाएको छ।

इन्डोर र आउटडोर सुटिङका लागि धेरै जग्गा आवश्यक परे पनि मुख्य संरचना ९.६१ हेक्टरमा मात्र निर्माण हुने डिपिआरमा उल्लेख छ। फिल्म सिटी आसपासमा एयरपोर्ट, होटेल, रेलसहित बनाउनुपर्ने प्रस्ताव छ। यो आयोजनालाई निवर्तमान सञ्चारमन्त्री एवं नेपाली काङ्ग्रेसका नेता मोहनबहादुर बस्नेतले २०७४ फागुन ३ गते शिलान्यास गरेका थिए।


थारू समुदायको परम्परागत ढकिया बुन्नका लागि पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका-४ हरपुरका थारू महिलाहरू मुजको टुप्पा टिपेर लैजाँदै। थारू समुदायमा परम्परागत ढकिया बुन्नका लागि मुजको टुप्पोको प्रयोग गरिन्छ। तस्वीर: ओमप्रकाश चौधरी

# अन्तर्राष्ट्रिय समाचार

## कारागारबाट ८०० भन्दा बढी कैदी भागे

अबुजा, ७ कात्तिक/सिन्ह्वा

नाइजेरियाको ओयो राज्यमा रहेको एक कारागारमा हमला गरी त्यहाँबाट ८०० भन्दा बढी कैदी भगाइएका छन् । सो कारागारमा अज्ञात बन्दुकधारीले हमला गरेका थिए। हमला गरेपछि जेल तोडेर ती बन्दी भागेका यहाँको गृह मन्त्रालयका अधिकारीले जनाएका छन्। थुनामा थिए भने कतिपय वर्षौंसम्म जेल सजाय तोकिएका व्यक्ति थिए । जेल तोडेर भागेका उनीहरूको खोजी प्रहरीले थालेको पनि प्रवक्ता अन्जोरिनले बताए।



हमला भएको कारागारबाहिरको दृश्य । तस्वीरः एपी

एक अज्ञात बन्दुकधारीले नाइजेरियाको सो कारागारमा हमला गरेपछि त्यहाँबाट ती थुनुवा भागेका बताइएको छ ।

अधिकारीले दिएको जानकारी अनुसार शनिवार राति नाइजेरियाको दक्षिण–पश्चिमी राज्य ओयोमा रहेको ओयो राज्यको कारागार विभागका प्रवक्ता ऐलानेग्रु अन्जोरिनले सो कुराको पुष्टि गरेका छन्। उनले शनिवार राति अज्ञात बन्दुकधारीले हमला गर्दा ८३७ जना थुनुवा त्यहाँबाट भागेको बताए ।

उनीहरूमध्ये कतिपय पुर्पक्षका लागि

भागेकामध्ये २४२ जनालाई प्रहरीले विभिन्न स्थानबाट पुनः पक्राउ गरेको छ । अरू भागेका र उनीहरूको पनि खोजी जारी रहेको यहाँको कारागार सुरक्षा विभागका अधिकारीले जानकारी दिएका छन् । रासस

## पाकिस्तानको राजधानीमा डेङ्गुको सङ्क्रमण

इस्लामाबाद, ७ कात्तिक/एएनआई

पाकिस्तानको राजधानीमा डेङ्गुका घटनाहरू बढिरहेका पाकिस्तानी सञ्चारमाध्यमहरूले जनाएका छन् ।

आइतवारको २४ घण्टाको अवधिमा इस्लामाबादमा १४६ थप बिरामीमा डेङ्गुको सङ्क्रमण पुष्टि गरिएको छ भने यो अवधिमा एकजनाको मृत्यु भएको एआरवाई न्यूजले स्थानीय अधिकारीलाई उद्धृत गरी आइतवार जनाएको छ ।

सङ्घीय राजधानीमा यो वर्ष अहिलेसम्म दुई हजार ८६७ जना डेङ्गुका कारण बिरामी परेका छन् भने ११ जनाको मृत्यु भएको छ । पाकिस्तानी अधिकारीले डेङ्गुको सङ्क्रमणदर उच्च भन्दै आवश्यक सावधानी अपनाउन स्थानीय नागरिकलाई सचेत बनाएका छन्।



पाकिस्तानको अस्पतालमा डेङ्गुका बिरामी । तस्वीरः एएनआई

पञ्जाबमा शुक्रवारदेखि शनिवारसम्मको २४ घण्टाको अवधिमा डेङ्गुका ५४६ नयाँ सङ्क्रमण देखिएकाले शनिवारको तथ्याङ्क बढी देखिएको समाचारमा जनाइएको छ ।

लाहोरमा ३६१ डेङ्गु ज्वरोका बिरामी रहेको प्रान्तीय स्वास्थ्य सचिव इमरान सिकन्दर बालोचले बताए । रासस

## सेना र विद्रोहीबीचको भिडन्तमा २० जनाको मृत्यु

मोगादिसु, ७ कात्तिक/सिन्ह्वा

सोमालियाको राजधानी मोगादिसुभन्दा केही बाहिरको राज्य गुरेल नगरमा शनिवार भएको भिडन्तमा परी



तस्वीरः फाइल

कम्तीमा पनि २० जनाको ज्यान गएको छ । ज्यान जानेमा १७ जना इस्लामिक विद्रोही र अरू तीनजना यहाँको राष्ट्रिय सेनाका सदस्य रहेका छन्। सोमालियाली सेनाका एक अधिकारीले सो भिडन्तका क्रममा अरू ४० जना विद्रोही घाइते भएका बताएका छन् ।

शनिवार बिहान सोमाली सेनाले सहयोग गरेको गालमुदग समूह र यहाँको इस्लामिक विद्रोही समूहबीचमा लामो समयसम्म भिडन्त भएको थियो । भिडन्तपछि कतिपय इस्लामिक विद्रोही समूहका उच्च तहका कमान्डर पनि मारिएको बताइएको छ ।

सो नगरमा यसअघि विद्रोहीले कब्जा गरेको जनाएका थिए । सो कब्जाबाट छुटाउनका लागि यहाँको सेनाले पनि आफ्नो समर्थनको सशस्त्र समूहलाई अघि सारेको थियो ।

शनिवारको लामो भिडन्तपछि उक्त नगर विद्रोहीको कब्जाबाट फिर्ता लिइएको सोमाली सेनाले जनाएको छ ।

सो नगरमा पहिले पनि यस्तै प्रकारको भिडन्त हुँदा दर्जनौं मानिसको ज्यान गएको थियो ।


### मोटरसाइकल हराएको सूचना

बाराको कलैया उपमहानगरपालिका बघुवन चोकनजीक रहेको शिवशङ्कर पेट्रोल पम्प छेउको होटेल अगाडिबाट पार्किङ गरिराखेको अवस्थाबाट गत कात्तिक १ गते नरेन्द्रप्रसाद यादवको नाममा रहेको यामाहा मोडेल FZS FR & RR हरियो रङको ना.६३प ८९४४ को मोटरसाइकल हराएकोले सूचना दिनेलाई पुरस्कार दिइनेछ ।
चेसिस नं : E1RG4451K0061128
र इन्जिन नं : G3J3E0406147
मोबाइल नं ९८१९२३८३७६ मा सम्पर्क गर्न अनुरोध गर्दछु ।


### चुलिंदो ऊर्जा सङ्कट.....

ऊर्जा नीतिको घोषणा गरिएको थियो । उत्तर कोरियाले धेरै वर्षदेखि ऊर्जाको अभाव झेल्दै आएको छ। यतिबेला बेलायत पनि चरम ऊर्जा सङ्कटमा गुज्रिएको छ । ग्याँसको मूल्य ४० प्रतिशतसम्म बढेको छ । आयातित ग्याँस र तेलमा निर्भर यहाँको ऊर्जा प्रणाली निकै जटिल बन्दै गएको छ ।

सन् २००३ देखि नै पेट्रोलियम पदार्थको मागको निरन्तर वृद्धिका साथै उत्पादनको स्थिरता, अमेरिकी डलरको घट्दो मूल्य र अन्य कारणहरूका कारण मूल्यमा वृद्धि हुँदै आएको छ। चीनमा सन् २००५ को अन्त्य र सन् २००८ को शुरुतिर गम्भीर ऊर्जाको अभाव देखियो। पछिल्लो सङ्कटको समयमा उनीहरूले डिजेल र कोइलाको अभावको साथै ऊर्जा सञ्जाल (पावर नेटवर्क)मा गम्भीर क्षति बेहोर्नुपरेपछि सङ्कट थपिएको छ। यस्तै, २०१९ क्यालिफोर्नियाको ऊर्जा सङ्कट, २०२१ टेक्सासको ऊर्जा सङ्कट, सन् २००८ को दक्षिण अफ्रिकी विद्युत् सङ्कटले पनि ती देशहरूलाई नराम्ररी प्रभावित तुल्याएको थियो ।

रूस, फ्रान्स, स्पेन, अमेरिका, नर्वे, जर्मनीलगायत मुलुकमा ऊर्जा सङ्कटको समस्या देखिन थालेको छ । प्राकृतिक ग्याँसमा भएको वृद्धिले बेलायतको विद्युत् मूल्य २०० प्रतिशतसम्म वृद्धि भएको छ। स्पेनमा विद्युत्का लागि वैकल्पिक स्रोत खोज्न थालिएको छ । इटालीमा आर्थिकरूपमा कमजोरहरूका लागि विद्युत् महसूलमा सहुलियत दिने व्यवस्था सरकारले गरेको छ । यसरी ऊर्जाको स्रोतका रूपमा कोइला र प्राकृतिक ग्याँसमा बढी निर्भर मुलुकले समस्या भोग्न थालिसकेका छन् । आउँदो हिउँदयाममा विश्वभर नै यस्तो सङ्कटको चुनौती देखिने आकलन छ। ऊर्जा हरेक राष्ट्रको सामाजिक, आर्थिक विकासका लागि आधारभूत तत्त्व हो । कुनै पनि देशले प्रयोग गर्ने ऊर्जाको अनुपातले त्यस देशको आर्थिक, सामाजिक स्थितिको आकलन गर्दछ ।

छिमेकी मुलुक भारत अहिले कोइला अभावका कारण चरम ऊर्जा सङ्कटमा छ । यहाँ विद्युत् बजारको आधाभन्दा बढी हिस्सा कोइलाबाट उत्पादित बिजुलीमा निर्भर छ । भारतको ऊर्जा मिश्रण ७० प्रतिशत कोइला, १० प्रतिशत तेल र बायोमासमा आधारित छ। कोइला अभावका कारण विद्युत् उत्पादन गर्ने १३५ भन्दा बढी थर्मल प्लान्ट बन्द हुने अवस्थामा छन् । अन्तर्राष्ट्रिय बजारमा कोइलाको मूल्य बढ्दा आयात घटेको छ भने मौज्दात रित्तिँदै गएको छ। भारतमा झन्डै डेढ सय कोइलाखानीले आधाभन्दा बढी विद्युत् माग धान्दै आएको छ । अहिले त्यहाँ माग र आपूर्तिबीच छ करोड युनिटसम्मको फरक रहेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको चीन पनि अहिले ऊर्जाको सङ्कटमा परेको छ । चिनियाँ सरकारले ऊर्जा र पेट्रोकेमिकलजस्ता कच्चा पदार्थहरूको मूल्य बढेसँगै उत्पादन र रोजगारको चुनौती बढ्ने बताएको छ । यसबाट लगभग ४४ प्रतिशत उद्योग तथा कारखाना प्रभावित हुनेछन् । ऊर्जा अभावकै कारण आर्थिक वृद्धिदर ८.२ प्रतिशतबाट घटेर ७.८ प्रतिशतमा झर्ने मल्टिनेशनल इन्भेस्टमेन्ट बैंक गोल्डम्यानको अनुमान छ। नेपालमा पनि विसं २०४५ र २०७२ मा भारतीय अवरोधका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा समस्या तथा आवश्यक विद्युत् आपूर्ति हुन नसक्दा दैनिक १८ घण्टा विद्युत् कटौती गर्नुपरेको अवस्थाले ऊर्जा सङ्कट निम्त्याएको थियो । चीन, भारतजस्ता छिमेकी मुलुकमा यसपटक देखिएको सङ्कटको प्रत्यक्ष असर नेपालमा पर्न जानेछ ।

**विकल्पमा नवीकरणीय ऊर्जा**

कोइला तथा खनिज इन्धनको भविष्य लामो छैन। कोइला तथा खनिज इन्धनको व्यापक प्रयोगका कारण वातावरण प्रदूषण तथा जलवायु परिवर्तन समस्या तीव्ररूपमा बढ्दै गएको छ। कोइला तथा खनिज इन्धनको ऊर्जाको बढ्दो माग पूरा गर्ने भरपर्दो विकल्प भनेकै हरित ऊर्जा अर्थात् नवीकरणीय ऊर्जा हो । कोइलाको प्रयोगलाई कम गर्न विश्वव्यापी पहलका लागि संयुक्त राष्ट्रसङ्घले आह्वान गरिरहेको छ । राष्ट्रसङ्घले हरेक वर्ष छ प्रतिशतका दरले कोइला, प्राकृतिक ग्याँस, पेट्रोलियमजस्ता जैविक इन्धनका ऊर्जा स्रोतहरूको कटौतीमा जोड दिएको छ।

एसियाली विकास बैंकले हालै सार्वजनिक गरेको ऊर्जा नीतिमा अब उप्रान्त कोइला र प्राकृतिक ग्याँसबाट विद्युत् उत्पादन गर्ने थर्मल प्लान्टमा हुने लगानीलाई दुरुत्साहन गरी नवीकरणीय र स्वच्छ ऊर्जामा आधारित आयोजनामा मात्रै लगानी गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । अर्को साता (अक्टोबर ३१ देखि नोभेम्बर १२ सम्म) बेलायतको ग्लास्गोमा आयोजना हुन गइरहेको जलवायु परिवर्तनसम्बन्धी पक्ष मुलुकको २६औं सम्मेलन (कोप–२६) मा पनि कार्बन उत्सर्जन कटौतीको विषयलाई महत्त्वका साथ उठाइने भएको छ ।

लगभग आधा शताब्दीभन्दा बढी तेल र प्राकृतिक ग्याँस ऊर्जाको ठूला स्रोतका रूपमा प्रयोग हुँदा आज जलवायु परिवर्तनको समस्या सिर्जित भएको छ। वैज्ञानिकहरूका अनुसार ग्लोबल वार्मिङ १.५ डिग्री सेल्सियसभन्दा तल राख्नको लागि लगभग ६० प्रतिशतले तेल र ग्याँसको भण्डार तथा ९० प्रतिशत कोइला जमीनमा रहनुपर्छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको विश्व ऊर्जा आउटलूक २०२१ ले पनि जलवायु लक्ष्य प्राप्तिका लागि कोइलामाथिको निर्भरता घटाउनु र त्यसलाई नवीकरणीय ऊर्जाबाट प्रतिस्थापित गर्नुको विकल्प नरहेकोमा जोड दिएको छ । विश्वले जलवायु परिवर्तनलाई प्रभावी ढङ्गले लड्न र अस्थिर ऊर्जा बजारहरूलाई नियन्त्रणमा राख्न यस दशकको अन्त्यसम्ममा नवीकरणीय ऊर्जामा लगानी तीन गुणाले वृद्धि गर्न आवश्यक छ ।


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – वादविवाद | वृष – व्यापारवृद्धि |
| मिथुन – शत्रुपराजय | कर्कट – सुसमाचार |
| सिंह – भयचिन्ता | कन्या – मित्रमिलन |
| तुला – अतिथिआगमन | वृश्चिक – सुयश |
| धनु – खर्चवृद्धि | मकर – धनलाभ |
| कुम्भ – सफलता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### विपश्यना ध्यान शिविर सञ्चालनसम्बन्धी सूचना

यही २०७८ कात्तिक १ गते देखि १२ गतेसम्म (२०२२ अक्टुबर १८ देखि २९) धम्म तराई विपश्यना ध्यान केन्द्र वीरगंज परवानीपुरमा १० दिवशीय विपश्यना ध्यान शिविर सञ्चालन हुने भएकोले इच्छुक व्यक्तिले सम्पर्क राखी धर्मको लाभ लिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क कार्यालय फोन नं.०५१–५२३१५२
**मोबाइल नं. ९८०४२४४५७६, ९८५५०२३४८५, ९८०२९२९९७९, ९८५५०२२२१४**
Email- tarai@dhamma.org.np, webside-www.dhamma.org.np

### 'विकासको लागि सहकार्य गरौं'

वीरगंजको विकास, जनताको चाहना, यसले साकार रूप पाउनेछ, जब जाग्छ साझेदारीको भावना ।
पूर्वाधार विकासको लागि महानगरसँग सार्वजनिक-निजी साझेदारी अभियानमा सहभागी बनौं ।

**वीरगंज महानगरपालिका**

## आवश्यकता

बारा, पर्सा, सर्लाही र रौतहट जिल्लामा लागू पदार्थ, एचआइभी. र एड्सको क्षेत्रमा कार्यरत विद्यार्थी जागरण मञ्च (विजाम) नामक गैरसरकारी संस्थाको लागि तपसिलबमोजिमको कर्मचारीको आवश्यकता परेको हुनाले यो सूचना प्रकाशित भएको मिति **(25th October, 2021)** ले पाँच दिनभित्रमा **(29th October, 2021)** आआफ्नो बायोडाटा/शैक्षिक योग्यताको प्रमाणपत्र/नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहित दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| क्रसं | पद | सङ्ख्या | शैक्षिक/वाञ्छनीय योग्यता |
|---|---|---|---|
| १. | कार्यक्रम अधिकृत (रौतहट जिल्ला) | १ | • स्नातक पास गरी कम्तीमा दुई वर्षको सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त गरेको वा प्लस टु पास भई कम्तीमा पाँच वर्षको सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त गरेको हुनुपर्ने । • फिल्डमा PWIDs (People who Inject Drugs) सँग कार्य गर्न इच्छुक । • स्थानीयलाई प्राथमिकता दिइनेछ । • सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त साथै कम्प्युटर (Microsoft Office Package) सम्बन्धी ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ । |
| २. | इनरिच वर्कर (पर्सा जिल्ला १, बारा जिल्ला १, रौतहट जिल्ला २ र सर्लाही जिल्ला १ जना) | ५ | • एसएलसी पास भई कम्तीमा एक वर्षको सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त गरेको हुनुपर्ने । • फिल्डमा PWIDs(People who Inject Drugs) सँग कार्य गर्न इच्छुक । • स्थानीयलाई प्राथमिकता दिइनेछ । • सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त साथै कम्प्युटर (Microsoft Office Package) सम्बन्धी ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ । |

- पदपूर्ति प्रक्रियासम्बन्धी सम्पूर्ण अधिकार पदपूर्ति समितिमा निहित रहनेछ ।
- छनोट (Shortlist)मा परेका निवेदनहरूलाई मात्र लिखित परीक्षा वा प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि बोलाइनेछ
- लक्षित वर्ग (पूर्व लागूपदार्थ प्रयोगकर्ता)लाई विशेष ग्राह्यता दिइनेछ ।
- इमेल (vacancy@bijam.org) मार्फत पठाइएको आवेदन पनि स्वीकार्य हुनेछ साथै दरखास्त सम्बन्धित जिल्लाको युनिट अफिसमा पनि बुझाउन सकिनेछ ।
- टेलिफोन तथा व्यक्तिगत सम्पर्कलाई निषेध गरिएको छ ।

संयोजक
पदपूर्ति समिति

# हरपतगंजमा महिला तथा घरेलु हिंसासम्बन्धी कार्यक्रम

प्रस, वीरगंज, ७ कात्तिक/

सामुदायिक सेवा केन्द्र मुर्ली र वडा प्रहरी कार्यालय श्रीपुरको संयुक्त



तस्वीरः प्रतीक

आयोजनामा वीरगंज महानगरपालिका–१० हरपतगंजमा महिला हिंसा, घरेलु हिंसा, बालविवाहसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा घरेलु हिंसा र बोक्सी आरोपसम्बन्धी कसूरबारे नेपाली काङ्ग्रेसका स्थानीय नेता धीरज गुप्ताले बोक्सीको आरोपमा गाली बेइज्जती गर्ने, आरोपितका परिवारसमेतसँग अपमानजनक व्यवहार गर्ने, सामाजिक बहिष्कार गर्ने, गाउँघरबाट निकालावास गर्ने, धामीझाँक्रीको भरमा टुनामुना, तन्त्रमन्त्र र झारफुकको माध्यमबाट बोक्सीको आरोप सहनुपर्ने, आरोपितलाई सामाजिक सजाय दिने क्रममा अभद्र व्यवहार गर्ने, मुण्डन गर्ने, कालोमोसो दल्ने, विष्टा खुवाउने र नग्न पारेर गाउँटोला घुमाउने जस्ता कानूनविपरीत कार्यहरू भइरहेको बताए। उनले यस प्रकारका गतिविधिहरू कानूनतः दण्डनीय अपराध भएकोले यस्ता कार्य गर्नेहरूलाई ऐन कानूनमा दण्ड सजायको व्यवस्था रहेको बताए । यसैगरी, घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा बनेको ऐनमा पनि व्यक्तिको सुरक्षित र सम्मानजनक तवरले बाँच्न पाउने अधिकारविपरीत हुने कसूरमा नेपालको अन्तरिम संविधान २०६३ को धारा ८३ को उपधारा (१) मा व्यवस्था गरिएको बताए ।

कार्यक्रम नेका बुथ एकाइ समिति हरपतगंजका अध्यक्ष हरिचन्द्र यादवको अध्यक्षतामा भएको थियो भने अरुण पुरी, सुरेन्द्र यादव, अध्यानन्द मिश्रलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# खेलकूदको संसार

## एएफसी यू–२३ एसियन कप फूटबल

काठमाडौं, ७ कात्तिक/रासस

नेपाली युवा राष्ट्रिय फूटबल टोलीले इरानविरुद्ध खेल्दै एएफसी यू–२३ एसियन कप छनोटको यात्रा शुरू गर्दैछ । ताजिकिस्तानमा भोलिदेखि सुरू हुने छनोट खेलमा निकै बलियो मानिएको टोली इरानविरुद्ध खेल्दै नेपालले छनोट प्रतियोगिताको सुरुआत गर्नेछ । नेपाली टोलीका मुख्य प्रशिक्षक बालगोपाल महर्जनले आफ्नो टोलीले उच्च प्रदर्शन गर्ने भन्दै राम्रो नतीजाको आशा राखेको प्रि–म्याच कन्फ्रेन्समा बताए ।



तस्वीरः फाइल

उनले विपक्षी टोली बलियो भएपनि आफ्नो टोलीले नतीजाका लागि सक्दो प्रयास गर्ने बताए । तेइस खेलाडी र १२ अफिसियलसहित ३५ सदस्यीय टोली यसअघि मङ्गलवार त्यसतर्फ प्रस्थान गरेको थियो ।

छनोटमा नेपाल समूह ‘बी’मा परेको छ। नेपालको समूहमा इरानसँगै आयोजक ताजिकिस्तान र लेबनान छन् । नेपालले आफ्नो दोस्रो खेल कात्तिक ११ गते ताजिकिस्तानसँग खेल्नेछ भने अन्तिम खेल कात्तिक १४ गते लेबनानसँग खेल्नेछ ।

एएफसीले प्रतियोगिताको छनोटमा सहभागी ४१ टोलीलाई विभिन्न ११ समूहमा विभाजन गरेको छ। नेपालले हालसम्म एएफसी यू–२३ एसियन कप प्रतियोगिताको छनोट चरण पार गर्न सकेको छैन । पछिल्लो दुई संस्करणमा नेपाली टोली जीतविहीन हुँदै छनोटबाट घर फर्केको थियो । दुवै संस्करणमा नेपालले गोल गर्न सकेको छैन ।

नेपाली यू–२३ टोलीको गोलरक्षकमा अर्पण कार्की, विशाल सुनार र अभिषेक बराल छन् भने डिफेन्डरमा सुमन अर्याल, गौतम श्रेष्ठ, राजन गुरुङ, रन्दीप पौडेल, अभिषेक लिम्बू र शिव गुरुङ छन् । त्यसैगरी, मिडफिल्डरमा नितिन थापा, सुरजज्यू ठकुरी, आयुष घलान, सेसेहाङ आङदेम्बे, अनिल महर्जन, राजीव लोप्चन, शिशिर लेखी, आकाश बूढामगर, एरिक विष्ट तथा रोशन पहारी छन् भने फरवार्डमा मनीष डाँगी, अभिषेक रिजाल, दर्शन गुरुङ र ऋतिककुमार खड्का छन् ।


## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना मेरो सहभागिता

- जनगणनामा स्वयं सहभागी भएमात्र गणना पूर्ण हुन्छ ।
- सबैले घरमा आएका गणकलाई सहयोग गरौं ।
- आफ्नो तथा परिवार व्यक्तिहरूको विवरण टिपाऔं ।
- आफ्नो नाता कुटुम्ब, साथीभाइ, छरछिमेक र चिनेजानेका सबैलाई जनगणनामा सहभागी हुन प्रेरित गरौं ।

गणना गर्ने अवधि : कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## १७८ जनामा मोतीबिन्दु

प्रस, जीतपुर, ७ कात्तिक/

केडिया आँखा अस्पताल वीरगंज र माट्रिका फाउन्डेशनको प्राविधिक सहयोगमा लायन्स क्लब र लियो क्लब अफ जीतपुरसिमरा र सहयात्री युवा क्लब नगौलको आयोजनामा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

नेत्ररोग विशेषज्ञ डा अमृत आचार्य नेतृत्वको स्वास्थ्यकर्मीहरूले ६३० जनाको आँखा परीक्षण गरेकामा १७८ जनामा मोतीबिन्दु फेला परेको नेत्र सहायक सुदर्शन काफ्लेले बताए ।

आँखा शिविरको उद्घाटन संविधानसभा सदस्य डा शोभाकर पराजुलीले गरेका थिए ।

कार्यक्रममा लालबाबू सिंह, कृष्णवर्त सिंह, महिला नेत्री नारायणी रायमाझीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

## सर्लाहीको बलरामा....

बन्नेमा आफू विश्वस्त रहेको डा सिन्हाको भनाइ छ ।

कर्मचारी राखेर पछिल्लो चरणमा सर्लाहीमा पुस्तकालय राखिएको यो पहिलो हो। धेरै ठाउँका सार्वजनिक पुस्तकालयमा पाठक नपुगेको अवस्थामा काका सामुदायिक सिकाइ केन्द्रको पुस्तकालय तथा वाचनालयमा पाठकको अभाव नहुने विश्वास रहेको केन्द्रका सचिव सञ्जयकुमार साहले जानकारी गराए। आगामी दिनमा अझ धेरै पुस्तक तथा पत्रिकाको व्यवस्था गरी पुस्तकालय तथा वाचनालयलाई सबैको लागि प्रशंसनीय बनाउने सचिव साहको भनाइ छ ।

## बाल अधिकार.....

सवालमा सङ्घ सरकारले पनि चासो नराखेको दुःखेसो पोखे ।

कार्यक्रममा वीरगंज महानगरपालिकाकी उपप्रमुख शान्ति कार्कीले हिंसा र पीडामा परेका बालबालिकाहरूलाई महानगरपालिकाले उद्धार गर्दै आएको बताए। उनले होटलमा काम गर्ने, सडकपेटीमा जीविकोपार्जन गर्नेहरूको पनि उद्धार गरेर महानगरपालिकाले परिवारको जिम्मा लगाउँदै आएको बताइन् ।

अर्जुन साहको अध्यक्षतामा भएको भेला उद्घाटन समारोहमा पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, बृजमोहन तिवारी, मुकेश साह, देवनाथ ठाकुर, रफी साहलगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण बाल सञ्जालकी मान्सी साहले गरेकी थिइन्।

# जनगणनामा भोजपुरीभाषी लेख्नका लागि अन्तर्क्रिया

प्रस, सिम्रौनगढ, ७ कात्तिक/

‘केहु ना छुटो, केहु ना दोहराओ, जनगणनामे भोजपुरी लिखाओ’ भन्ने



तस्वीरः प्रतीक

भोजपुरी नाराका साथ भोजपुरी प्रतिष्ठान बाराको आयोजनामा सिम्रौनगढ कङ्काली माविमा आइतवार अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

भोजपुरी प्रतिष्ठान बाराका अध्यक्ष रामप्रसाद साहको अध्यक्षतामा भएको कार्यक्रममा भोजपुरी भाषाको विकास र जनगणना–२०७८ को भाषा महलमा आफ्नो पुर्खाको भाषा र मातृभाषा लेखाउने सम्बन्धमा मूलरूपमा छलफल केन्द्रित थियो ।

छलफलमा कक्षा सातदेखि दशसम्मका विद्यार्थीहरूमा भोजपुरी भाषाको विकास र जनगणनामा पुर्खाको भाषा भोजपुरी र मातृभाषा भोजपुरी लेखाउन जानकारी गराइएको थियो । कार्यक्रममा भोजपुरी साहित्यकार सुरेन्द्र गिरी, गोपाल सेवा समिति बाराका अध्यक्ष जङ्गबहादुर यादव, भोजपुरी प्रतिष्ठान बाराका उपाध्यक्ष सुरेश मोदक, प्रतीक दैनिकका संवाददाता रामेश्वर मेहता, भोजपुरी टाइम्सका सम्पादक प्रभु यादव, साहित्यकार ध्रुवप्रसाद कुशवाहा, अरुणकुमार ओझा, महन्त यादवलगायतले विचार व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण अनिलकुमार गौरवले गरेका थिए ।

# मुकेश चौरसियालाई शहीद घोषणा गर्न माग

प्रस, वीरगंज, ७ कात्तिक/

तत्कालीन नेपाल कम्युनिस्ट पार्टीको पर्साको विन्ध्यवासिनी गाउँपालिका



तस्वीरः प्रतीक

कमिटीको शपथग्रहण कार्यक्रममा भाटा प्रहार गरी हत्या गरिएका मुकेश चौरसियालाई शहीद घोषणा गर्न नेकपा माओवादी केन्द्रका नेताहरूले माग गरेका छन् ।

विन्ध्यवासिनी गापा–२ बहुअर्वाभाटामा आइतवार स्व चौरसियाको पहिलो वार्षिक पुण्यतिथिमा वक्ताहरूले चौरसियालाई शहीद घोषणा गर्न माग गरेका हुन्। कार्यक्रमका प्रमुख अतिथि प्रदेश २ का आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत साहले स्व चौरसियाका हत्याराहरूलाई कानूनी कारबाई हुनुपर्ने बताए । उनले घटना दुःखद भएको र त्यसमा संलग्नहरूलाई कानूनी दायरामा ल्याउनुपर्ने माग गरे ।

नेकपा माओवादी केन्द्र बाराका अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठले चौरसियाको हत्या राजनीतिक भएको जिकिर गर्दै शहीद घोषणा गर्न सरकारसित माग गरे । उनले स्व चौरसियाको योगदानलाई कदर गर्दै आगामी स्थानीय तहको चुनावमा माओवादी केन्द्रले उनको परिवारलाई चुनावमा टिकट दिनुपर्ने माग गरे ।

कार्यक्रममा तत्कालीन नेकपाका विन्ध्यवासिनी गापा अध्यक्ष तथा नेकपा एकीकृत समाजवादी पार्टीका गापा अध्यक्ष विक्रम चौरसियाले नेकपाको शपथग्रहण कार्यक्रममा पूर्वनियोजितरूपमा चौरसियाको हत्या भएकोले संलग्नहरूलाई कडा कारबाई हुनुपर्ने बताउँदै शहीद घोषणा गर्नुपर्ने माग गरे ।

उनले चौरसियाका परिवारलाई क्षतिपूर्ति र एकमात्र नाबालक छोराको शिक्षादीक्षा निश्शुल्क गर्न पनि माग गरे । कार्यक्रममा विन्ध्यवासिनी गापा प्रमुख श्रीलाल साहले चौरसियाको हत्याले पूरै गापा दुःखित बनेको बताए ।


Make your stay with us is a memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,